Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३४, २०७९ साल चैत्र १४ गते मंगलबार (March 28, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# काठमाडौ उपत्यकामा सटर भाडामा लाग्न छोडे

मोहन कार्की

काडमाडौं । काठमाडौं उपत्यकामा मानिसहरुले व्यापार गर्न कुनैवेला सटर नपाउने समस्याले हैरान हुने गदथे । अचेल मुख्य सडकहरुका सटरहरु नै टु लेट लेखेर महिनौ राख्दा समेत भाडामा लाग्न छोडेका छन् । काठमाडौको मुख्य बजार जस्तै असन ईन्द्रचोक, किलागल, पुतली सडक, डिल्ली बजार, अनाम नगर, कोटेश्वरका आसपास, नयाँ बानेश्वरको भित्री सडक, चावेलको भित्री सडक र केही मुख्य सडक, चक्रपथका भित्री सडकमा सटरहरु अचेल भाडामा लाग्न छोडेका छन् ।

डिल्ली बजार ओरालोमा घर रहेका एक घर बेटीको भनाई अनुसार एउटा सटर खाली भएको ९ महिना भइसक्दा पनि भाडामा लाग्न नसकेको बताएकी छन् । उनलाई जन आकाश मिडियाले भाडा महगो लिनु भयो होला अनि खाली बसेको होला होइन भन्दा घर बेटीले भनिन् "पहिला जति भाडा लिईराखेका थियौ त्यो भन्दा बढाएका थिएनौ अरुवेला ३ महिना अगाडी भाडा बुझाएर पसल गर्न व्यापारीहरु खुशी भएर आउथे । लकडाउन पछि महिना मरेपछि भाडा दिदै व्यापारीहरुले व्यापार गरिरहेका थिए । एकजना व्यापारिले चै पसल चलाउन नसकेर पसल नै उठाएर घरतिर लाग्यो त्यसपछि त कोही आएका छैनन् । बैकको ऋणले समस्या पार्न थालिसक्यो" घर भएकी घरवेटीको दुखेसो ।

काठमाडौ शहरमा कुनैवेला एउटा सटर खोजेर पसल अफिस राख्नुपदथ्यो भेटघाट अफिसका हुन्थ्यो किनमेल पसलमा नपुगी सुखै थिएन । तर आज इन्टरनेटको सुविधावाट पनि कतिपय व्यापारहरु अनलाईनवाट नै गर्न सकिने हुनाले पनि सटरहरुको उपयोग हुन छाडेको र सटर भएका सेन्टर घरहरुका घरवेटीहरुले अत्याधिक भाडा असुल्ने बषैपिछे भाडा बढाउने गर्दा व्यापारीले व्यापार गर्ने तरिका बदलेर



अनलाइनवाट नै व्यापार गर्न थालेपछि सटरहरु खाली हुदै गएका हुन् । एकातिर भने अर्कोतिर सेन्टरमा रहेका घरहरु जसको चोकमा घर हुन्छ उसको पार्किङ हुदैन । अचेल धेर जति मानिसहरु सवारी साधन लिएर किनमेलमा निस्कन्छन् । तर पार्किङ नभएको ठाउमा व्यापार पनि हुदैन । दरवारमार्गमा यतिवेला त्यस्तै समस्या छ । पार्किङ सडकमा गर्ने गरिएको थियो । त्याहा महानगरपालिकाले सडकमा पार्किङ गर्न नदिएपछि त्याहाका व्यापार व्यवासाय चौपट भएका छन् । अग्रीमा भाडा बुझाएका व्यापारीले त्यो भाडा तिरेको पैशा फिर्ता नपाउने भएको हुनाले मात्र पसल राखिरहेको बताएका छन् । केही समयपछि दरवार मार्गका सटरसमेत खाली हुने सम्भावना रहेका छन् ।

अचेल मानिसहरु बढी भिडभाड हुने क्षेत्रहरुमा किनमेल गदैनन् । सडकसँगै टासिएर बनाएका घरहरुमा र तिनै घरको सटरको भाडा धेरै भएपछि त्यस्ता सटरमा किनमेल गर्ने सामान राखेर बिक्री वितरण गर्दा ग्रहक उभिएर एकछिन अडिन सक्ने ठाउ नै हुदैन । त्यसैले त्यस्ता सटरहरु खाली हुदै गएका छन् ।

सुनधारामा ३० बर्षदेखि ईलेक्टिूक सामान बेच्दै आएका एकजना व्यापारीले अहिले आफ्नै घर नयाँ बस्तीमा पसल राखेर कन्ट्याक्टमा सामान बिक्री गरिरहेका छन् । उनको भनाई छ । "पहिला फोन थिएन, ईन्टरनेट थिएन, सामान किन्न पसलमा नै आउनु पर्थ्यो अहिले त सम्पर्कवाट नै व्यापार हुने गर्दछ । त्यसैले पसल पनि चाहिदैन । गोदामा सामान राख्ने र अडर आएपछि निकालेर दिदा पनि हुन्छ ।" यसो गर्दा आर्थिक संकटको वेला आर्थिक भार पनि कम चर्को भाडाको समस्या पनि भएन । स्वास्थ्यलाई पनि फाइदा सडकको छेउमा पसल राख्यो धुलो उडेर हैरान हुन्थ्यो ।"ईलेक्टिूक पसलेको भनाई ।

यसरी दिनानुदिन काठमाडौ उपत्यकामा सटरहरु खाली हुदै गईराखेका छन् । यसो हुनुको कारण देशमा आर्थिक संकट बढ्दै जानु, घरबेटीहरुले लापरवाही भाडा दर लागु गर्नु, कुनै भााडादर कायम नहुनु, विगतको तुलनामा भौतिक सरचनाहरु जतातते बन्नु, पार्किङको समस्या हुनु, अनलाईनवाट आफुलाई जस्तो सामान चाहेपनि अनलाईनमा मुल्य हेर्न पाइने र अर्डर गर्न सकिने सुविधाको विकास हुनु जस्ता कारणहरुले मुख्य सडकहरुको सटरहरु समेत खाली हुदै गईरहेका छन् ।

मुख्य सडकमा घर भएका घरबेटीहरुले भाडादरमा फेरबदल गरेर भाडा नघटाउने हो भने केही बर्षपछि सटरहरु सवै खाली हुदै जाने सम्भावना बढेर गएको छ ।

***फ्लाईट र कोठाहरु पनि खाली***

काठमाडौ उपत्यकामा भाडा बढी आउने आसमा फ्लाईट कोठा भाडामा लगाउने मानिसरुको घरहरु समेत खाली हुन थालेका छन् । जतातते फ्लाईट खाली, कोठा भाडामा लेखेका घरहरु भेटिन थालेका छन् । विश्व माहामारी कोरोना कालमा काठमाडौ उपत्यकावाट बाहिरीएका मानिसहरु धेरै जति गाउँमा गएका फर्किएनन् । अर्को काठमाडौ उपत्यकामा घर बाँकी ६ पृष्ठमा

# सङ्घीयता स्थापनापछि जनताले विकास अनुभूति गर्न पाएको : मुख्यमन्त्री कार्की

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीयता स्थापनापछि जनताले विकासको अनुभूति गर्न पाएको बताउनुभएको छ । नेपाल कानून समाजद्वारा आज यहाँ आयोजित सङ्घ, प्रदेश र स्थानीय सरकारको प्रभावकारी समन्वय र भावी रणनीति विषयक अन्तरक्रियामा उहाँले भन्नुभयो, "विगत २० वर्षमा नभएको विकास प्रदेश सरकार स्थापनाको छ वर्षको अवधिमा भएको छ ।" मुख्यमन्त्री कार्कीले साढे तीन वर्षको अवधिमा आठ सय किलोमिटर कालोपत्र सडक र सयौँ झोलुङ्गे र मोटरेबल पुल निर्माण गरेको जानकारी दिनुभयो । संविधान र कानूनले व्यवस्था गरेअनुरुप निर्णय प्रक्रियाको माध्यमबाट प्रदेशको नामकरण गर्न सफल भएका छौँ भन्दै उहाँले नामकरणका क्रममा देखिएका केही असन्तुष्टि छलफलको माध्यमबाट समाधान हुने विश्वास व्यक्त गर्नुभयो । सङ्घीयताको मूल मर्म भनेको विकेन्द्रीकरण गरी तलसम्मका जनतालाई अधिकार सम्पन्न गराउनु हो भन्दै नेपालको सङ्घीयतामा वित्तीय, प्रशासनिक र राजनीतिमध्ये राजनीतिक छिटो कार्यान्वयन भएको उहाँको भनाइ थियो । उहाँले सङ्घीयतालाई बलियो बनाउन यसप्रकारका अन्तरक्रियाबाट आउने सुझाव, आलोचन र टिप्पणीले सहयोग पुग्ने बताउनुभयो ।



कोशी प्रदेशका सभामुख बाबुराम गौतमले अर्थ, रक्षा र परराष्ट्रबाहेक विकासे कार्यालय प्रदेश मातहत भएमा सङ्घीयता बलियो हुने विचार राख्नुभयो । नेपाल सरकारका मुख्यसचिव शङ्करदास वैरागीले मुलुकमा सङ्घीयतालाई विदेशी नक्कल नभई मौलिकरूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले सङ्घीयतालाई व्यवस्थापन गर्ने सयन्त्रलाई क्रियाशील बनाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले सङ्घीयताको बाँकी ६ पृष्ठमा

# मिटरब्याजी पीडितको समस्या सम्बोधन गर्न सरकारको ध्यानाकर्षण

काठमाडौं । राष्ट्रियसभाको आजको बैठकमा नेकपा (माओवादी केन्द्र) का गङ्गाकुमारी बेलवासेले मिटरब्याजी पीडितको समस्या तत्काल सम्बोधन गर्न माग गर्नुभएको छ । राष्ट्रियसभाको बैठकको विषेश समयमा उहाँले मिटरब्याजी पीडितको समस्या तत्काल संशोधन गर्न आवश्यक कानून संशोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

"मिटरब्याजी पीडितले ६० दिन आन्दोलन गरेपछि सरकारले पाँचबुँदे सहमति गरेर मिटरब्याजीको आन्दोलनलाई समाधान गर्ने खालको सहमति गरेको थियो, देशभरबाट तीन हजारबाट पीडितको निवेदन गृहमन्त्रालयमा परेको छ", उहाँले भन्नुभयो, "त्यसका लागि सरकारले बनाएको कार्यदलले १० वटा कानून संशोधन गर्न सिफारिस गरेको छ, त्यो कानून जतिसक्दो छिटो संशोधन हुनुपर्ने जरुरी छ, कानून नहुँदा पीडितहरूरुले दुःख पाएका छन् ।"


नेकपा (एमाले) का दिल कुमारी रावल थापाले धेरै प्राणघातक रोगले नागरिकले दुःख पाइरहेको अवस्थामा पीडितले उपचार प्रभावकारी रूपमा गर्न नपाएको प्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले वीर अस्पताल, क्यान्सर अस्पताल भरतपुरजस्ता सरकारी अस्पतालमा पनि बिरामी परीक्षण गर्ने मेसिन नभएको उल्लेख गर्दै सरकार नागरिकको स्वास्थ्यप्रति उत्तरदायी हुनुपर्नेमा जोड दिनुभयो

नेपाली कांग्रेसका अनिता देवकोटाले देशमा रोजगारीको अवसर नदेखेर विद्यार्थीले एसइईको परीक्षापछि खाडीमा भेटुँला भनेको तस्वीर देखेर निकै मर्माहत बनाएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै देशमा युवालाई रोजगारी, शिक्षा र स्वास्थ्यको उचित वातावरण बनाउन आग्रह गर्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का जयन्ती राईले नेपालीलाई वैदेशिक रोजागारी, शिक्षा, स्वास्थ्य आदिका लागि विदेश जानुपर्ने बाध्यताजस्तो देखा परेको र धेरै महिलाले वैदेशिक रोजगारीमा दुःख पाएर फर्किएको अवस्था प्रति सरकारको ध्यानाकर्षण गम्भीर भएर सोच्न आग्रह गर्नुभयो ।

वैदेशिक रोजगार व्यवसायीले नक्कली कागजात बनाएर नेपालीलाई विदेश पठाइरहेको हुनाले अवोध, गरिब निमुखा जनताले भोग्नुपरेको उल्लेख गर्दै उहाँले मानसिकरूपमा विक्षिप्त भएर फर्किएका नेपालीलाई समाजमा सम्मानपूर्वक बाँच्न पाउने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । सांसद बामदेव गौतमले देशमा सुशासन कायम गर्न वर्णाश्रम व्यवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिँदै वर्णाश्रमको व्यवस्थाले जातियताको रूप लिएको हुनाले अन्त्य गर्नुपर्नेमा सरकारसँग माग गर्नुभयो । नेकपा (एमाले) का तुलसाकुमारी दाहालले नेपालका अल्पसङ्ख्यक समुदाय राउटेलाई सरकारले उचित संरक्षण, सेचतनाको विकास गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले नेपालमा एक सय ४५ राउटे ४२ परिवारमा बाँडिएर बस्ने गरेका र सरकारले सामाजिक सुरक्षा भत्तास्वरूप प्रतिव्यक्ति रु चार हजार दिने गरेको पनि सदुपयोग हुन नसकेको बताउनुभयो । नेपाली कांग्रेसका युवराज शर्माले सामान्य जनताले थोरै मात्रामा ल्याएको खाद्य सामाग्रीलाई सीमा नाकामा समात्ने तर ठूला तस्करहरू लाई लाइन मिलाएर छोडिदिन गरेको कार्य प्रति सरकारको ध्यानाकर्षण गराउनु भयो ।

नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र लक्ष्मी गैरेले एमसीसीमार्फत राष्ट्रिय गौरवको बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# नेपालमा सम्भावना देखाउने योजना ल्याइओस्

नेपालमा केही सम्भावना छैन भन्दै विदेशी भुमिमा कोही पढ्ने बहानामा कोही वर्किङ भिसा अर्थात कामै गर्छु भनेर अन्तराष्ट्रिय त्रिभुवन विमानस्थलमा लर्को लागेको आजसम्म पनि चलिराखेकै छ । यस्तो किन भईरहेको छ । सोचनीय विषय हो । तर सोच्नुपर्ने नीति बनाउनुपर्ने, कार्यन्वयन गर्ने निकायले यसको वारेमा आजसम्म कतै पनि काम गरेको देखिदैन । त्यस्ता काम भएका रहेछन् भने पनि कतै कुनामा लुकायर गरेका होलान् ।

नेपाल र विदेशमा के छ भिन्नता ।

विदेशमाः नेपालवाट उच्चशिक्षा हासिल गर्न बिदेश गएको नेपाली विद्यार्थीले ६ महिनामा गाडी किन्न सक्ने हैशियत बनाउछ । दुई बर्षमा □्ल्याट किन्न सक्ने हुन्छ । बिवाहितको हकमा श्रीमती/ श्रीमान् लाई लैजान्छ । ३ बर्षमा बुवाआमा बोलाउँछ । तिन बर्षमै चमत्कारीक ढंगबाट भविष्य सुरक्षीत गर्न भ्याँउछ । बिचरा त्यहाँ न बा को पैत्रीक सम्पत्ति थियो, न मामाघर थियो, न त ससुराली नै थियो । त्यो देश न उसको जन्मभूमि हो न त्यहाँको नागरिक नै । सबै पराई भएर पनि सबै सम्भव भयो ।

नेपालमाः नेपालमा उच्च शिक्षा हाशिल गर्न युनिभरसिटीमा पढ्दै गरेका विद्यार्थीलाई सोध्यौ भने के हुदैछ प्रगति भन्यौ भने जागिर खोज्दैछु । कतै कुनैले नीजि कम्पनीमा जागिर पाएको रहेछ भने पनि जागिर त खादैछु के गर्नु कहिले छोड्छु होला जस्ता निरासाका कुराहरु सुनाउछन् ।

बिदेशमाः काम गर्न सक्ने युवा उमेरलाई सम्पत्ति मानिने भएर होला, काम गर्ने इच्छाशक्ति र श्रमशक्तिलाई सम्पत्ति मान्ने भएर त होला (आम्दानी कर तिरेका ) पार्ट टाईम, प्राइभेट नोकरीको आम्दानीलाई आधार बनाएर बैंक मार्फत लगानी र ब्यवस्थापन गर्ने बिधिका कारण नागरिकले आ□नो भबिष्य सुरक्षित भएको महसुस गर्न पाँउछन् ।

नेपालमाः काम गर्ने उमेर न सम्पत्ति बन्यो, न काम गर्ने इच्छाशक्ति सम्पत्ति बन्यो, न श्रम सम्पत्ति बन्न सक्यो । सम्पत्तिको परिभाषा र नीति केवल जग्गा जमिन हो भन्ने बनाईयो । जसरी पनि जग्गा जमिन आ□नो नाममा बनाउनुपर्छ भन्ने नीति र चिन्तनले सुकुम्बासी समस्या घटेन बरु सुकुम्बासीका नाममा हुकुमबासी समस्या थपियो ।

उद्यम,उत्पादन,इलम कहिल्यै प्रार्थमिकतामा परेन । यसैको उपज श्रम अपमानित भयो, काम गर्न चाहने जनशक्ति खेर गयो, काम गर्ने इच्छा मर्‍यो, उसको सपना मर्‍यो । उत्पादन भएन आयात बढ्यो, उद्योग चलेन ब्यापार सकियो, रोजगारी मर्‍यो बेरोजगारी बढ्यो आम्दानी मर्‍यो ऋण बढ्यो । त्यसैले सम्पत्तिको परिभाषा र नीति फेर्नुपर्छ ।

मरेको सपना ब्युँताउने हो भने काम गर्ने उमेर, काम गर्ने इच्छाशक्ति, काम गर्ने नवीन सोच र योग्यतालाई सम्पत्तिको परिभाषा भित्र राखेर लगानी गर्न सक्नुपर्छ तव मात्र देश विकास गर्नको साथै नेपालमा युवा अड्याउन सकिन्छ । नागरिकले आफु नेपाली भएको अपनत्व लिन्छन् । जन्मेदेखि नमरुणजेलसम्म कर्म गर्दा पनि आनान्दको सास फेर्न नपाउने तर उन्नति कहिल्यै नहुने भएपछि कुन चै सचेत नेपाली नेपलामा बस्छ त ।

यस्ता चलनलाई भत्कायर वास्तविक नीति बनाएर नेपालमा बस्ने जुनसुकै नागरिकले नेपालीत्वको अपनत्व लिने वातावरण बनाउन सक्नुपर्छ र लागु गर्न सक्नुपर्छ त्यति गर्न सकियो भने नेपालमा भिसा लगायर अरु देशका मानिस याहा पढ्ने र काम गर्ने गरी आउछन् । तर आजको भोलि होइन केही समय लाग्न सक्छ काम आजवाट थाल्नुपर्छ ।

# समाज र सरकारः रथका दुई पाङ्ग्रा

प्रा. डा. हरि शर्मा

देशविदेशमा रहेका मेरा केही प्रिय मित्रहरूले मेरो अघिल्लो आलेख सत्ता नीति र सुशासन पढेपछि केही मिश्रित प्रकारका टिप्पणीहरू पठाउनुभयो । जसमध्ये घतलाग्दोचाहिँ यस्तो थियो( "पढें, अनुभव र मनको तीतो पोख्नुभयो । यो पढ्ने, बुझ्ने र गर्ने कसले ? हामी जनता पनि त गोबर धेरै छौं ।" र सम्झना आयो, झन्डै १ सय ४० वर्षअघि संयुक्त राज्य अमेरिकाका १६ औं राष्ट्रपति अब्राहम लिंकनको भनाइ( "हजार जनता मूर्ख भए पनि देशलाई खास असर पर्दैन, तर एक नेता मुर्ख भए देश डुबाउँछ ।" दिनहुँ विभिन्न सञ्चारमाध्यममा नेताहरूको मुर्खता उजागर हुने समाचार पढिन्छ, सुनिन्छ । कतिपय टिभी च्यानलहरूमा त जीवन्त देखिन्छ पनि । लोकतन्त्रको आधारस्तम्भका रूपमा नेपालमा आएको दलीय व्यवस्थामा अहिलेको जस्तो दलीय असहिष्णुता विश्वकै इतिहासमा विरलै पाइएला । दुराग्रह, चरम राष्ट्रवाद र जेनोफोबिया (आफूले नचिनेका र सत्तादेखि बाहिर रहेका मानिसहरूप्रतिको निरन्तर डर, शंका र घृणाले हाम्रो वर्तमान सामाजिक र राजनीतिक नेतृत्व ग्रस्त छ कि जस्तो लाग्नु सडकमा हिँड्नेहरूका लागि अस्वाभाविक हुँदैन होला । देशको राजनीति मात्रै आफ्नो 'लिक' छोडेर अन्धाधुन्ध दौडिरहेको हो कि समाज पनि दिशाहीन भई गुमराह बनेको हो, समाज र राजनीतिका विज्ञहरूले नागरिकका मनमा द्वन्द्व मच्चाइरहेका यस्ता जिज्ञासाहरूको चिरफार गरी प्रस्ट्याइदिनुपर्छ । के सहर, के गाउँ जहाँ पनि विकृतिहरूको चरम स्वरूप देख्न पाइन्छ । प्रजातान्त्रिक सिद्धान्त हरूको आधारशिलामा विकसित हुँदै जाने समतावाद र विज्ञहरूले औंल्याइदिएको मानवीय मूल्य र मान्यताहरूले समाजमा सबैभन्दा महत्वपूर्ण महत्व ओगटेका हुन्छन् । तर विडम्बना, मार्सी र मासु (मामा) ले देशको सामाजिक, राजनीतिक (सारा), आर्थिक एवं नैतिक वातावरणलाई पूर्ण रूपले अनिश्चिततातर्फ धकेलिरहेको कसैबाट लुकेछिपेको पनि छैन । यस्तो अवस्थामा मुलुकको शासन र प्रशासन दुवैले आफ्नो लय गुमाउँदै पक्षाघातको दुर्दशा भोग्नुपर्ने हुन सक्छ । समतावादी (इगेलिटेरियन) समाज निर्माणको अभिभारा बोकेर संसद् भवन पसेकाहरू अहिले कुन गुँडमा छिरेका छन्, त्यो अदृश्य छ । तीन महिना व्यतीत भइसक्यो । राजनीतिक दलहरूको सत्ता संघर्षले नेपाली समाजमा धेरै तरंग र पराकम्पहरू ल्याइसकेको छ । एकीकृत सामुदायिक संगठनहरूमा चिरा परेको देखिन थालिसकेको छ । हो, देशको संविधानउपर प्रश्न गर्न पाइँदैन, तर अधिकांश जनता कुनै प्रावधानको विरोधमा छन् भने त्यसबारे संशोधन प्रस्ताव संसद्मा लैजान त पाइन्छ नै । अथवा प्रावधान विशेष प्रकारको हो, जस्तै संघीयता र धर्मनिरपेक्षता खारेजीलगायत अरू पनि विवादित विषयहरू छन् भने राज्यले जनमतका लागि तत्पर हुनुपर्ने होइन र ? पंक्तिकारलाई कताकता अंग्रेजी भाषाका आधुनिक नाट्य(लेखक स्यामुअल बेकेटको प्रसिद्ध नाटक 'वैटिङ फर गोडोट' (१९५२) का दुई पात्र भ्लादिमिर र एस्ट्रागनले नेपालमा रहेका अहिलेका नेपाली जनताको प्रतिनिधित्व गर्छन् जस्तो लाग्छ । भ्लादिमिर र एस्ट्रागनले बाटो कुरी बस्छन् गोडोटको, गोडोटले आउँछु भनेको हुनाले । तर, नाटकको अन्त्यसम्म गोडोट कहिल्यै आउँदैन । वि.सं. २०३६ पछि आम नेपाली नागरिक गोडोटलाई पर्खी बसेका उपर्युक्त दुई पात्रकै भूमिकामा छन् । मुलुकको द्रुत विकास हुन्छ, देशको उन्नति हुन्छ र जनगणमा सुख सम्पन्नता आउँछ भन्ने सपना सिँगार्दै शासकहरूको धम्कीपूर्ण आचरण भोग्दै अन्यायको कडीमा बाँधिएका निरीह नागरिकको भविष्य कसले सिँगार्ला ? जति आउँछु भने पनि गोडोट त आउँदैन नै । भ्लादिमिर र एस्ट्रागनले हावामा सुनेका थिए गोडोट आउँछ भन्ने । अहिले हाम्रो अवस्था त्यस्तै छ ।

यथास्थितिमा कुनै व्यक्ति र राज्यव्यवस्थाको कुनै प्रशस्ति लेख्ने अथवा बोल्ने कुरै आउँदैन । पत्रपत्रिका र सामाजिक सञ्जालले त राज्यमा अनेक लेन्डुप वा सोसरहका नेताहरू हुर्कंदै अवसरको पर्खाइमा नानाभाँतिका राजनीतिक अभिनय मञ्चन गरिरहेको भान हुन्छ । अर्थतन्त्र भीरबाट लडेको भारीभरकम वस्तुजस्तै छ । न रामराम भन्न सकिन्छ, न त्यसलाई उद्धार गर्न । छत्तीस सालदेखि मुलुक अधोगतितर्फ लागेको प्रस्टै हुन्छ, मुलुकले उन्नतशील सुदिनहरू भोग्न पाउने र नेपाली जनगणले बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा रहेर संविधान प्रदत्त मतदानको अधिकार सदुपयोग गरेर सुख सम्पन्नता हासिल गर्ने सपना देख्दादेख्दै सत्ताको मातमा रहेका 'जफर' हरूको हर्कतको फलस्वरूप दशक लामो द्वन्द्वकाल प्रारम्भ भयो । जनक्रान्ति पश्चात् उदाएको लोकतान्त्रिक गणतन्त्रले मुलुकमा जनताको खुसी, समुन्नति, शान्ति, स्थायी सरकार मुलुकमा र गाउँगाउँका फराकिला आँगनमा चैनका बिस्कुनहरू ओछ्याइनेछ भन्ने देख्न पाउँछौं कि भनेको त भन्दा झन् बढ्दै गरेको बेथितिबाट को निराश नभएको नहोला ? ०३६ साले युवा पिँढी बुढ्यौलीमा गए । युवाहरू विदेशतिर, बाँकी के रह्यो त ? नदीनाला, हराभरा वनपाखा पनि त सुटुक्क सुटुक्क हराउने नियत भोगिरहेका छन् । धर्म, संस्कृति, आचरण सबै त नयाँ बन्ने दौडमा छन् । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको विद्यमान अवस्थालाई सुधारोन्मुखतातर्फ लैजान शासकहरूको तहबाट कुनै पहल भएको छ त ? मित्रराष्ट्र चीनले चिनियाँ पर्यटक हरूका लागि नेपाल खुला गरेको छ । चिनियाँ बजारमा नेपाल अहिलेसम्म पुगिसक्नुपर्ने होइन ? खस्किँदो अर्थतन्त्रलाई सुधारोन्मुख बनाउँदै लैजाने रणनीति आइ सक्नुपर्ने होइन ? राजनीतिको मञ्चन अन्त्यहीन हुन्छ । त्यहाँ पटाक्षेप हुँदै हुँदैन । दृश्य मात्रै बदलिने हुन् । जनताको, जनताद्वारा, जनताका लागिजस्ता प्रजातान्त्रिक सिद्धान्तहरू बिर्सेर आत्मकेन्द्रित भई सत्ता जोगाउन एउटै भूमिकामा लीन रहने पात्रहरूबाट बनेको सरकारबाट सर्वसाधारण नेपालीले के अपेक्षा राख्ने ?

हत्या, हिंसा, विद्वेष, छलकपट, प्रतिशोध र विश्वासघातको प्रतिरूप बन्दै मिथ्या र अनैतिक गठबन्धनमा हौसिएको राजनीति तथा गाँस, बास, कपासको मात्र चाहनामा बाँचेका देशवासीहरूप्रति कुनै मतलब नराखिरहेको नेतृत्वमा बसेकाहरूद्वारा खुलेआम प्रदर्शन गरिएको राजनीतिले सम्पूर्ण देशको अन्तर्राष्ट्रिय छवि धूमिल पारिसकेको जनताका हरेक गफमा आमचर्चाको विषय बनेको हामी देखिरहेछौं । यदि यही क्रम जारी रह्यो भने भविष्यमा नेपाल आमा र तिनका २ करोड सन्तानको के हविगत रहला, कसले विचार गर्ने ? गत राष्ट्रपति तथा उप राष्ट्रपतिको निर्वाचनमा क( कसले जित हासिल गर्ने हुन्, लाभको कुन पदमा को पुग्ने भन्ने सबैलाई पहिले नै थाहा हुने वातावरणले हाम्रो राजनीतिलाई कुन दिशातर्फ डोऱ्याइरहेछ भन्ने सन्दर्भ ऐसपको कथा 'सम्राटको नयाँ पहिरन' (द इम्पेररर्स न्यू क्लथ्स) जस्तै छर्लङ्ग छ । सरकार, जनताले सधैं तिम्रो भलो नै चिताउनेछन्, यदि तिमी देशको र जनताको हक हितका लागि तत्परता देखाउँछौ भने । नत्र तिमीले नै बनाएको अविश्वासको राजनीतिले तिमीलाई पाताल पुऱ्याउने निश्चित छ । तिम्रा मिस्रीलेपित भाषणले तिम्रा कित्तामा उभिएका मानपदवी भिरेकाहरूलाई बाहेक सर्वसाधारण जनतालाई राहत मिल्दैन । कर उठेन भन्ने सुनिन्छ, तर के जनताले अहिलेको मन्दी र महँगाइ खेपेर कर तिर्ने सामर्थ्य राख्छन् त ? उन्नत कृषि उपजका लागि भनेर ल्याइएको मलमा अनुदान कटौती गर्ने र उच्च मोलमा कृषकलाई बेच्ने यो कस्तो नीति हो ? गरिब, निरुपाय, असक्त, ज्येष्ठ नागरिक, एकल महिला र त्यस्तै अन्य निरीहहरूका लागि पालिकाले अस्पताल सञ्चालन गर्न सक्दैनन् ?

***हत्या, हिंसा, विद्वेष, छलकपट, प्रतिशोध र विश्वासघातको प्रतिरूप बन्दै मिथ्या र अनैतिक गठबन्धनमा हौसिएको राजनीति तथा गाँस, बास, कपासको मात्र चाहनामा बाँचेका देशवासीहरूप्रति कुनै मतलब नराखिरहेको नेतृत्वमा बसेकाहरूद्वारा खुलेआम प्रदर्शन गरिएको राजनीतिले सम्पूर्ण देशको अन्तर्राष्ट्रिय छवि धूमिल पारि सकेको जनताका हरेक गफमा आमचर्चाको विषय बनेको हामी देखिरहेछौं । यदि यही क्रम जारी रह्यो भने भविष्यमा नेपाल आमा र तिनका २ करोड सन्तानको के हविगत रहला, कसले विचार गर्ने ? गत राष्ट्रपति तथा उप राष्ट्रपतिको निर्वाचनमा क( कसले जित हासिल गर्ने हुन्, लाभको कुन पदमा को पुग्ने भन्ने सबैलाई पहिले नै थाहा हुने वातावरणले हाम्रो राजनीतिलाई कुन दिशातर्फ डोऱ्याइरहेछ भन्ने सन्दर्भ ऐसपको कथा 'सम्राटको नयाँ पहिरन' (द इम्पेररर्स न्यू क्लथ्स) जस्तै छर्लङ्ग छ । सरकार, जनताले सधैं तिम्रो भलो नै चिताउनेछन्, यदि तिमी देशको र जनताको हक हितका लागि तत्परता देखाउँछौ भने । नत्र तिमीले नै बनाएको अविश्वासको राजनीतिले तिमीलाई पाताल पुऱ्याउने निश्चित छ । तिम्रा मिस्रीलेपित भाषणले तिम्रा कित्तामा उभिएका मानपदवी भिरेकाहरूलाई बाहेक सर्वसाधारण जनतालाई राहत मिल्दैन । कर उठेन भन्ने सुनिन्छ, तर के जनताले अहिलेको मन्दी र महँगाइ खेपेर कर तिर्ने सामर्थ्य राख्छन् त ? उन्नत कृषि उपजका लागि भनेर ल्याइएको मलमा अनुदान कटौती गर्ने र उच्च मोलमा कृषकलाई बेच्ने यो कस्तो नीति हो ? गरिब, निरुपाय, असक्त, ज्येष्ठ नागरिक, एकल महिला र त्यस्तै अन्य निरीहहरूका लागि पालिकाले अस्पताल सञ्चालन गर्न सक्दैनन् ? के नेपाली जनता अन्तर्राष्ट्रिय औषधि सधैं 'गिनी पिग' भएर बस्ने हो ?***

के नेपाली जनता अन्तर्राष्ट्रिय औषधि सधैं 'गिनी पिग' भएर बस्ने हो ? हालै विश्व विद्यालय हरूको दुरवस्थाबारे निकै चर्चा परिचर्चा चलिरहेकै बेला सरकारले त्यसतर्फ नजर पुऱ्याउनु पर्दैन ? विश्व पर्यटन संगठनले नेपाल सरकार र पर्यटन बोर्डको समन्वयमा काठमाडौंमा पर्यटनको मापन गर्ने विधिबारे एउटा उच्चस्तरिय क्षेत्रीय गोष्ठी गऱ्यो, त्यो खुसीको विषय हो । त्यहाँ हामीले नेपालको पर्यटकीय दुर्दशाको गाथा गायौं, उच्च स्वरमा आफ्नै कर्नाल बजायौं तर विश्व पर्यटन, संगठनका कुनै पदाधिकारीबाट नेपालका पर्यटकीय सम्पदाहरूबारे विश्व समुदायलाई इंगित गर्दै मन्तव्य व्यक्त गराउन बिर्स्यौं । नेपालको अर्थतन्त्रका लागि यो महत्वपूर्ण सकारात्मक अभिव्यक्ति ठहरिने निश्चित थियो । त्यस गोष्ठीको अन्त्यमा हाम्रा पर्यटन मन्त्रीले देशको पर्यटन सुधारका लागि राम्रो अर्तीमूलक उद्गारहरू दिनुभएको सञ्चार माध्यमबाट थाहा भयो । देशमा अझै पनि स्वप्नद्रष्टा पर्यटन व्यवसायीहरू छन्, तसर्थ नेपालका अनेक ठाउँमा केबुलकार र सिसाका पुलहरू बन्ने निश्चित छ ।

मात्र तुइन कहिले विस्थापित हुने हो, थाहा छैन । शिक्षा, स्वास्थ्य र कृषिलाई चौपट बनाएर, युवाहरूलाई विदेश धपाएर, राज्यकोष चपाएर, जनतालाई सशक्त बनाउनुको साटो कमजोर तुल्याएर शासन चलाउने अभिप्राय हो भने निकट भविष्यमा राज्यसत्ताले विषम भुमरीमा बिलाउनु पर्ने देखिन्छ । जनताले आफ्नो अमूल्य मत दिएर निर्वाचित भएका र हाम्रा नेतागण कहलिएका धेरैजसो नेतामा विलक्षण गुणहरू पनि छन् । तीमध्ये धेरै विद्वान् छन्, चतुर छन्, निःसन्देह सहनशील र संवेदनशील पनि छन्; तर केही विवेकहीन पनि छन् । विवेक बिनाको चतुऱ्याइँले जस्तै जान्नेबुझ्नेलाई उसले खनेको खाडलमा उसैलाई धकेल्छ । यो ध्रुवसत्य हो । देशप्रतिको आफ्नो जिम्मेवारीलाई आत्मसात् गर्दै पुनः आफ्नो वास्तविक ट्र्याक (जनसेवा) मा फर्कने बेला यही हो । अन्यथा समयको ताकत र क्रूरताको गाथा यत्रतत्र हामीले इतिहासमा पढेकै विषय हो ।

मनोविज्ञान विज्ञहरूले भन्न थालिसकेका छन्, बिहानै उठेर देशको समाचार नपढ्नू, नसुन्नू । ती समाचार मानिसको मनमस्तिष्कमा नकारात्मकता बढाउने विद्वेश, विकृति, विसंगति र दुर्घटनाबारे मात्र हुन्छन् । अहिलेको हाम्रो समय जटिल हुँदै गइरहेको छ । एक नागरिकका हैसियतले आफ्नो कर्तव्य पूरा गर्ने र आफ्नो अधिकार औंल्याउने अवस्था छ । नागरिक र नेताहरूमा स्वार्थको जालो फैलिन नपाओस् । भ्रष्टाचारीहरूको नकाब निर्ममतापूर्वक उतारियोस् । राज्यकोषको सदुपयोग होस् । हालै सुनियो, पूर्वराष्ट्रपति भण्डारीले शीतल निवास छोड्दा सरकारबाट पूर्वराष्ट्रपतिले पाउने सेवा सुविधा नलिने भनेकी छन् रे । यदि यो सत्य हो भने नेपाल सरकारले सरकार र आम नेपाली जनताका तर्फबाट पूर्वराष्ट्रपति प्रति हार्दिक साभार धन्यवाद ज्ञापन गर्दै देशको वर्तमान अवस्थामा उहाँले लिनुभएको महान् निर्णयलाई विज्ञप्तिमार्फत सार्वजनिक गर्नुपर्छ । नेपालको अर्थतन्त्रलाई सही दिशातर्फ लैजाने हो भने आफ्नो र आफ्ना सन्ततिका लागि सरकारमा रहेर कुकर्म गर्दै धन कुम्ल्याउनेहरूको जायजेथाको सरकारीकरण गरिनुका साथै उनीहरूलाई आजीवन कठोर कारावासको सजाय तोकियोस् । चोरी, चाकडी र चाप्लुसीलाई व्यवहारमा नै भर्त्सना गर्ने परिपाटीको सुरुवात अहिलेकै सरकारबाट सुरु होस् ।

समय नबित्दै नीति निर्माताहरूको सजगताले समाजलाई अग्रगामी बन्न सघाउने विषयमा कदाचित मतभिन्नता नहोला । समाज र सरकार एकै रथका दुई पाङ्ग्रा हुन् । कारोबार

# करका तीन नवीनतम मुद्दा

नरसागर श्रेष्ठ

भन्सार र अन्तःशुल्कजस्ता अप्रत्यक्ष करहरूको आफ्नै लामो इतिहास छ, तर आयकरलाई हेर्ने हो भने यसलाई परिस्थितिले जन्माएको कर मान्न सकिन्छ । किनभने अमेरिकामा गृहयुद्धपछि, बेलायतले फ्रान्ससँगको युद्ध हारेपछि र भारतले सिपाही विद्रोहपछि मात्र यो कर लागू गरेको पाइन्छ ।

यसैलाई आधार मानी विश्वका धेरै देशमा विभिन्न समयमा थरीथरीका नयाँ कर लगाएको इतिहास कर साहित्यमा पढ्न पाइन्छ । अहिले विश्वका केही देशलाई छाडेर धेरै देशलाई नयाँ राजस्वका स्रोतहरूको खाँचो टड्कारो रूपमा देखा परेको छ । कोभिड संक्रमणसँग जुध्न धेरै सरकारले गरेको अन्धाधुन्ध खर्चका कारण अहिलेजस्तो विश्वमा सरकारी ऋणको मात्रा यसभन्दा अगाडि कहिल्यै बढेको थिएन ।

श्रमिक युनियनहरूका दबाब र मानव शक्तिलाई उपयोग गरेपछि जुन जटिलता व्यवस्थापनहरूले भोग्नुपर्छ, त्यसको सट्टा रोबोट उपयोग गर्ने प्रचलन संसारका धेरै प्रतिष्ठानले चलाएका छन् । यो व्यवस्था कोभिड संक्रमण(२०२० पछि अरू बढेको मानिएको छ । रोबोटको साथमा आर्टिफिसियल इन्टेलिजेन्स पनि सँगै आउँछ । रुचिर शर्माले आफ्नो 'राइज एन्ड फल अफ नेसन्स' नामक पुस्तकमा उल्लेख गरेअनुसार दक्षिण कोरियामा सन् २०१३ मा प्रति १० हजार श्रमिकमा ३ सय ८२ वटा औद्योगिक रोबोट भएको, जापानमा ३ सय २३ भएको र जर्मनीमा २ सय ८२ भएकोमा अबका दिन यो अनुपात बढ्ने आकलन गरिएको छ ।

डेनियल काहनेम्यानका अनुसार यस्ता रोबोटको संख्या चीनजस्तो औद्यागिक राष्ट्रूहरूमा धेरै मात्रामा बढ्नेछ । यसले गर्दा विकसित र औद्योगक देशहरूमा धेरै मान्छेले रोजगारी गुमाउने आशंका गरिएको छ ।

रोबोटको बढी प्रयोगले गर्दा भारतका एक जना अर्थशास्त्री डा. तिलक झाले उच्च दक्ष कामदारहरूले मात्र रोजगारी पाउने र मध्यम र अर्धदक्ष कामदारहरूमध्ये धेरैले रोजगारी गुमाउने अनुमान गरेका छन् । यसले गर्दा रोबोटमाथि कर लगाउने सवाल पनि उठेको छ र सन् २०२१ मा माइक्रोसफ्टका मालिक बिल गेट्सले यो विषयमा कुरा उठाएपछि यसको चर्चा विश्वभरि नै हुन थालेको पाइन्छ ।

उसले रोबोटका कारण डिस्प्लेस हुने श्रमिकबाट हुने राजस्व न्यूनतालाई पूरा गर्न रोबोटमाथि कर लगाउनुपर्ने धारणा रोखेको पाइन्छ । यसैलाई समर्थन गरी भारतका कर विज्ञ जी पार्थ सारथिले त यो विषयमा नै एसियाली विकास बैंकका लागि कार्यपत्र तयार गरेका थियो । रोबोटको प्रयोग बढेपछि उत्पादनका चारवटा साधनमा श्रमको लोप हुन थाल्ने आशंका बढेको छ । यसबाट श्रमबाट धेरै सरकारलाई ज्यालामा जुन अग्रिम कर आइरहेको छ, त्यो नआउने भयो र यसले गर्दा धेरै देशको कराधार नै साँगुरो हुने अवस्था देखा परेको छ । सन् २०२० मा जोओ गरेरो, सर्जियो रिबेलो र पेड्रोटेलेसहरूले 'रोबोटलाई कर लगाउन हुन्छ' नामक लेखमा रोबोटलाई सन् २०१८, २०२८ र २०३८ मा सुरु हुने दशकहरूमा क्रमशः ५.१ प्रतिशत, २.२ प्रतिशत र ०.६ प्रतिशतको दर उपयुक्त हुने राय समेत दिएको पाइन्छ ।

विश्वमा सूचना प्रविधिमा आएको क्रान्तिकारी परिवर्तनसँगै इन्टरनेटका प्रयोगकर्ताको संख्यामा जुन वृद्धि भएको छ त्यसले गर्दा सामाजिक सञ्जालका उपयोगकर्ताहरूको संख्या पनि दिन परदिन बढ्दै गएको छ । यसले गर्दा अमेरिकाको शिकागो विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक र विश्व बैंकका पूर्व मुख्य अर्थशास्त्री पउल रोमरले सामाजिक सञ्जालहरूमा कर लगाउने प्रस्ताव गरेका छन् । उनीहरूको भनाइअनुसार वाक् स्वतन्त्रतालाई इन्टरनेटले धेरै सहयोग गरेको र ठूलाठूला इन्टरनेट कम्पनीहरूले यसको माध्यमबाट आफ्नो बिक्री बढाई धेरै नाफा कमाउन सफल भएको तथा सामाजिक सञ्जाल चलाउने इन्टरनेट कम्पनीहरूले लामो समयसम्म परम्परागत पुस्तक, समाचारपत्र पढ्ने, नाटकघरमा गएर नाटक हेर्नुको सट्टा घण्टौं मोबाइल चलाएर बस्ने कार्यलाई सम्भव बनाइदिएको छ ।

यसको माध्यमबाट उनीहरूले आफ्नो प्रतिस्पर्धी धपाउन र आफ्नो व्यापार बढाउन सफलता प्राप्त गरेका छन् । भारतका अर्थशास्त्री अलि शंकर अय्यरले सबै उपयोगकर्तालाई यो कर नलाए तापनि चुरोट, रक्सीमा जस्तै पापी वस्तु (सिन गुड्स) अन्तःशुल्क जस्तो कर लगाउन हुने तर्क पनि प्रस्तुत गरेको पाइन्छ । सामाजिक सञ्जालका कारणले समाजमा जुन नकारात्मक असर परेको छ त्यसलाई पनि यसबाट उठेका रकम खर्च गरी कम गर्न सकिने ठम्याइ पनि उसको छ ।

अहिले विश्वमा थप कर लगाउनुपर्ने क्षेत्र भनेको तेलको व्यापार गर्ने ठूला(ठूला कम्पनीहरू हुन् । रुसले युक्रेनमाथि गरेको आक्रमणका कारण विश्वको तेल बजारमा जुन उथलपुथल आएको छ त्यसबाट तेल प्रशोधन गर्ने धेरै कम्पनीले अधिक नाफा कमाउन सफल भएको देखिन्छ । उदाहरणका लागि ब्रिटिस पेट्रोलियम र सेलजस्ता तेल कम्पनीहरूले विगत वर्षहरूको तुलनामा गत वर्ष धेरै नाफा कमाउन सफल भएका छन् । अन्तर्राष्ट्रिय इन्धन एजेन्सीको अनुमानमा सन् २०२२ मा तेल कम्पनीहरूको नाफा ४ ट्रिलियन डलर नाघेको थियो ।

ठूलाठूला तेल र ग्याँस कम्पनीहरूले गत वर्ष कमाएको आम्दानीलाई सरकारहरूले आकस्मिक लाभका रूपमा हेर्न थालेको पाइन्छ । अमेरिका, बेलायत र युरोपियन युनियनका देशहरूले आफ्नो देशमा इन्धनका कारण देखा परेको आर्थिक समस्यालाई समाधान गर्ने माध्यमको रूपमा यसलाई लिन खोजेको पाइन्छ । बेलायतका अर्थमन्त्रीले त विद्युत् उत्पादनहरूलाई ४५ प्रतिशत कर र ठूला(ठूला तेल कम्पनीहरूलाई यो वर्ष करको दर बढाएर १६ अर्ब डलर राजस्व उठाउने घोषणा नै गरिसकेको पाइन्छ । चेकोस्लाभियाको संसद्ले इन्धन कम्पनीहरूलाई ६० प्रतिशत कर लगाउने सरकारको प्रस्तावलाई स्वीकृति दिइसकेको छ । त्यस्तै जर्मनीले विद्युत् कम्पनीहरूको नाफामा थप कर लगाउने विषयमा योजना बनाइरहेको छ र अमेरिकी राष्ट्रपति बाइडेनले तेल कम्पनीहरूलाई रुस र युक्रेनको युद्धले गर्दा प्राप्त गरेको नाफामा आकस्मिक लाभ कर लगाउन योजना गरिरहेका छन् ।

यी तीनवटै मुद्दालाई नेपालको राजस्व प्रशासनले कारबाहीका लागि तत्कालै अगाडि बढाइहाल्नुपर्ने अवस्था आउने देखिँदैन । तर, लागत घटाउने होडमा नेपालका औद्योगिक प्रतिष्ठानहरूले पनि रोबोट प्रयोग गर्न सक्ने सम्भावना धेरै रहेको पाइन्छ ।

> ***श्रमिक युनियनहरूका दबाब र मानव शक्तिलाई उपयोग गरेपछि जुन जटिलता व्यवस्थापनहरूले भोग्नुपर्छ, त्यसको सट्टा रोबोट उपयोग गर्ने प्रचलन संसारका धेरै प्रतिष्ठानले चलाएका छन् । यो व्यवस्था कोभिड संक्रमण( २०२० पछि अरू बढेको मानिएको छ । रोबोटको साथमा आर्टिफिसियल इन्टेलिजेन्स पनि सँगै आउँछ । रुचिर शर्माले आफ्नो 'राइज एन्ड फल अफ नेसन्स' नामक पुस्तकमा उल्लेख गरेअनुसार दक्षिण कोरियामा सन् २०१३ मा प्रति १० हजार श्रमिकमा ३ सय ८२ वटा औद्योगिक रोबोट भएको, जापानमा ३ सय २३ भएको र जर्मनीमा २ सय ८२ भएकोमा अबका दिन यो अनुपात बढ्ने आकलन गरिएको छ । डेनियल काहनेम्यानका अनुसार यस्ता रोबोटको संख्या चीनजस्तो औद्याागिक राष्ट्रूहरूमा धेरै मात्रामा बढ्नेछ । यसले गर्दा विकसित र औद्योगक देशहरूमा धेरै मान्छेले रोजगारी गुमाउने आशंका गरिएको छ । रोबोटको बढी प्रयोगले गर्दा भारतका एक जना अर्थशास्त्री डा. तिलक झाले उच्च दक्ष कामदारहरूले मात्र रोजगारी पाउने र मध्यम र अर्धदक्ष कामदारहरूमध्ये धेरैले रोजगारी गुमाउने अनुमान गरेका छन् । यसले गर्दा रोबोटमाथि कर लगाउने सवाल पनि उठेको छ र सन् २०२१ मा माइक्रोसफ्टका मालिक बिल गेट्सले यो विषयमा कुरा उठाएपछि यसको चर्चा विश्वभरि नै हुन थालेको पाइन्छ । उसले रोबोटका कारण डिस्प्लेस हुने श्रमिकबाट हुने राजस्व न्यूनतालाई पूरा गर्न रोबोटमाथि कर लगाउनुपर्ने धारणा रोखेको पाइन्छ । यसैलाई समर्थन गरी भारतका कर विज्ञ जी पार्थ सारथिले त यो विषयमा नै एसियाली विकास बैंकका लागि कार्यपत्र तयार गरेका थियो । रोबोटको प्रयोग बढेपछि उत्पादनका चारवटा साधनमा श्रमको लोप हुन थाल्ने आशंका बढेको छ । यसबाट श्रमबाट धेरै सरकारलाई ज्यालामा जुन अग्रिम कर आइरहेको छ, त्यो नआउने भयो र यसले गर्दा धेरै देशको कराधार नै साँगुरो हुने अवस्था देखा परेको छ । सन् २०२० मा जोओ गरेरो, सर्जियो रिबेलो र पेड्रोटेलेसहरूले 'रोबोटलाई कर लगाउन हुन्छ' नामक लेखमा रोबोटलाई सन् २०१८, २०२८ र २०३८ मा सुरु हुने दशकहरूमा क्रमशः ५.१ प्रतिशत, २.२ प्रतिशत र ०.६ प्रतिशतको दर उपयुक्त हुने राय समेत दिएको पाइन्छ ।***

# आयातीत महको मारमा स्वदेशी उत्पादन

चितवन । नेपालमा उत्पादित महले बजार नपाउँदा किसानहरू चिन्तत बनेका छन् । विदेशी महको आयात बढ्दै गएपछि नेपाली उत्पादनले बजार नपाउँदा किसान चिन्तित बनेका हुन् । सत्रौं राष्ट्रिय मह दिवसको अवसरमा आज यहाँ आयोजित कार्यक्रममा बोल्ने वक्ताले नेपालका हरेक कृषकको घरमा बिक्री नभएर मह थन्किएर बसेको बताउनुभयो । नेपालमा उत्पादित महको लागत मूल्य बढी हुने र भारतबाट आयातित महको मूल्य कम पर्ने भएकाले नेपालमा उत्पादित महले बजार पाउन नसकेको हो । यसबाट गत वर्षको पाँच सय मेट्रिकटन मह कृषकसँग र एक हजार मेट्रिकटन व्यवसायीसँग थन्किएको (स्टक रहेको) उहाँको भनाइ छ । यहाँ उत्पादित महको गुणस्तर मापनका लागि समस्या हुने गरेको भन्दै उहाँले गुणस्तर मापनको कामलाई छिटो गरेर महलाई बजारमा लैजानुपर्ने बताउनुभयो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै मौरीपालन विकास कार्यक्रम भण्डाराका वरिष्ठ बालिविकास अधिकृत गोविन्द पोखरेलले नेपालमा अहिले पनि बर्सेनि एक हजार पाँच सय ६६ मेट्रिकटन मह आयात हुने गरेको बताउनुभयो । सोमध्ये एक हजार पाँच सय ४६ मेट्रिकटन भारतबाट आयात हुने गरेको छ । नेपालमा वार्षिक आठ हजार मेट्रिकटन मह खपत हुने गरेको उहाँको कार्यपत्रमा उल्लेख छ । नेपालबाट वार्षिक आठ मेट्रिकटन मह अष्ट्रेलिया, अमेरिका, जापान, कतारलगायत देशमा निर्यात हुने गरेको छ । मौरीपालन व्यवसायमा नीतिगत, प्राविधिक, बजारीकरण लगायतका समस्या हुँदा नेपालको महले बजार पाउन नसकेको उहाँको भनाइ छ । मौरी प्रवर्द्धन नीति, २०७३ को कार्यान्वयन हुन नसक्नु, मौरी बीमा र यसको कार्यान्वयनतर्फ व्यवसायी आकर्षित बन्न नसक्नु, विषादीको प्रयोग सम्बन्धी नीति बन्न नसक्नु, मौरी चरन र मौरी स्थानान्तरणमा देखिएको समस्या समाधान गर्न नसक्नु मुख्य समस्याको रूपमा रहेको उहाँको कार्यपत्रमा उल्लेख छ । यी नीतिगत समस्या समाधानका लागि तीन तहका सरकारबीच समन्वयको अभाव भएको उहाँले बताउनु भयो ।

अहिलेको जनशक्तिमा दक्षताको कमी, मौरी विज्ञको अभाव, मौरी सम्बन्धी विषयमा अनुसन्धानको कमी, गुणस्तरीय मौरी घार तथा मौरीपालनसम्बन्धी अन्य सामग्रीको अभाव, गुणस्तरीय भालेको अभाव, सीमित मौरी चरन क्षेत्रमा मौरीपालक बीच प्रतिस्पर्धा, चरन नक्साङ्कन भई पर्याप्त चरन क्षेत्रको पहिचान हुन नसक्नु जस्ता समस्या मौरीपालक कृषकले भोग्दै आउनुपरेको छ । चिउरी लगायतका चरनजन्य वनस्पतिको संरक्षण एवं क्षेत्र विस्तार हुन नसक्नु, विषदीको बढ्दो प्रयोग अहिलेको मौरीपालन गर्ने किसानका लागि समस्या देखिएको छ । कार्यपत्र प्रस्तुत गर्दै मौरी विज्ञ डा शिवप्रसाद रिजालले नेपालमा बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## रामेछापको बेतालीमा खुकुरी प्रहारबाट एक वृद्धको मृत्यु

रामेछापको गोकुलगंगा गाउँपालिका वडा नम्बर ४ बेतालीस्थित लिसेखानीमा खुकुरी प्रहारबाट अन्दाजी ८२ वर्षीय वृद्ध शमशेर बहादुर थापामगर को मृत्यु भएको छ । सोमबार साँझ करिब साढे ७ बजे आफ्नै घरमा बसिर हेको अवस्थामा अज्ञात समुहले थापामगरमाथि खुकुरी प्रहार गरेका थिए ।

खुकुरी प्रहारबाट घाइते भएका उनलाई उपचारका लागि मन्थली ल्याउने क्रममा बाटोमै मृत्यु भएको गोकुलगंगा गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष रामचन्द्र बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार खुकुरी प्रहार बाट थापामगरको टाउकोमा गम्भीर चोट लागेको थियो ।

ति वृद्धाको श्रीमती बिरामी भएर काठमाठौ गएकी थिइन । घरमा छोरीहरु भएपनि बाहिर गएको अवस्थामा सो घटना घटेको स्थानीयले बताएका छन् ।कस्ले र किन खुकुरी प्रहार गरेको भन्ने विषयमा केहि नखुलेको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको रामेछापका प्रहरी निरिक्षक रञ्जन गिरीले जानकारी दिनुभयो ।

यसअघि पनि बेताली भिमसेनथानस्थित सिरानघरकी अन्दाजी ७६ वर्षीया वृद्धा पदमकुमारी खड्काको आधा शरीर जलेको अवस्थामा शंकास्पद शव फेला परेको थियो । एक पछि अर्को गर्दै यस्ता घटना घट्न थालेपछि स्थानीयमा त्रास पैदा भएको छ ।

## रामेछापमा सांस्कृतिक सम्मेलन हुँदै

काठमाडौ । राष्ट्रिय जनसांस्कृतिक महासंघ बागमती प्रदेशको आयोजनामा रामेछापमा सास्कृतिक महोत्सब हुने भएको छ । बुधबार रिपाटर्स क्लबमा पत्रकार सम्मेलन गरेर जानकारी दिएका हुन ।


बागमती प्रदेशभित्रका लोक संस्कृति र कलाहरुको पहिचान तथा साहित्य लेखन प्रवृत्तिहरु पहिल्याउनुको साथै स्थापत्यकला, चित्रकला,मूर्तिकला, सङ्गीतकला र प्रदर्शन कलाको प्रदर्शन गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको महासंघका अध्यक्ष होमराज श्रेष्ठले जानकारी दिए ।

उक्त सम्मेलनमा पर्यटन प्रबर्द्धनका लागि जिल्लाका विभिन्न ऐतिहासिक ,धार्मिक तथा पर्यकीय स्थलको अध्ययन, अवलोक भ्रमण गर्ने बताएका छन् ।

त्यस्तै विभिन्न जातजातिको झाकी समेत प्रस्तुत गरिने आयोजकले बताएका छन् । कार्यक्रममा स्थानिय कलाकारको प्रस्तुति रहनुका साथै ख्याति प्राप्त राष्ट्रिय स्तरका कलाकारहरुको समेत प्रस्तुति रहने अध्यक्ष श्रेष्ठले जानकारी दिएका छन् । कार्यक्रम यहि चैत्र १२ गते देखि १४ गते सम्म संचालन हुनेछ । आयोजक संस्था राष्ट्रिय जनसांस्कृतिक महामसंघ नेकपा एमालेको भाद्रि संगठन हो ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


# नबिल बैंकद्धारा हरितगृह ग्यास उत्सर्जन प्रतिवेदन सार्वजनिक

नबिल बैंकले हरितगृह ग्यास उत्सर्जन प्रतिवेदन सार्वजनिक गरेको छ। बैंकको पूर्वाधार तथा परियोजना वित्तीय (आईपीएफ) डिभिजन अन्तर्गत बैंकको ऋण तथा लगानी पोर्टफोलियोबाट सन् २०२२ को प्रतिवेदन सार्वजनिक भएको छ। २०२१ मा कार्बन अकाउन्टिङ फाइनान्सियल (पीसीएएफ) हस्ताक्षरकर्ताहरू मध्ये एकको रूपमा नबिल बैंकले हस्ताक्षर गरेको प्रतिबद्धता अनुसार प्रतिवेदन सार्वजनि भएको हो।

आईपीएफ पोर्टफोलियोमा ऊर्जा, सिमेन्ट, एयरलाइन्स, दूरसञ्चार सेवा र




अन्य व्यवसायिक क्षेत्रहरूमा लगानी र ऋणको दायरा समावेश भएको बैंकले जनाएको छ। आईपीएफ डिभिजन अन्तर्गत बैंकको ऋण र लगानी पोर्टफोलियोबाट उत्सर्जन मापन गरिएको थियो। कार्बन उत्सर्जनको मूल्याङ्कनअनुसार सन् २०२२ को कुल उत्सर्जन ८०,६७१.३७ टन कार्बनडाइअक्साइड बराबर रहेको देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

यससँगै जलविद्युत र सौर्य ऊर्जामा भएको लगानीमा २१३१.८१ टन कार्बनडाइअक्साइड उत्सर्जनबाट बच्न सकिन्छ। नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले भने, 'यो महत्त्वपूर्ण रकम भए पनि हामी हाम्रो कार्बन फुटप्रिन्ट घटाउन र हाम्रो पोर्टफोलियोलाई थप दिगो बनाउन सक्रिय रूपमा काम गरिरहेका छौं' नबिल बैंक दिगो भविष्य निर्माणमा समर्पित रहेको बताउँदै उनले थपे, 'यसका लागि सामूहिक पहल आवश्यक छ भन्ने हामीले बुझेका छौं। हामी विश्वास गर्छौं कि हाम्रा लक्ष्यहरू प्राप्त गर्न पारदर्शिता आवश्यक छ, किनकि हामी नेट-शून्य कार्बन फुटप्रिन्ट तर्फ हाम्रो प्रगतिमा नियमित अपडेटहरू प्रदान गर्न प्रतिबद्ध छौं।'

# कुमारी बैंकका ग्राहकलाई नेसनल प्याथ ल्याबमा छुट

कुमारी बैंकका ग्राहकले नेसनल प्याथ ल्याबमा छुट पाउने भएका छन्। बैंक र नेसनल प्याथ ल्याबबीच यससम्बन्धी सम्झौता भएको छ। ग्राहकलाई स्वदेशमै गुणस्तरीय स्वास्थ्योपचारमा सहुलियत दिने र डिजिटल भुक्तानीलाई




प्रवर्द्धन गर्ने नेसनल प्याथ ल्याबसँग सम्झौता गरिएको बैंकले जनाएको छ।

उक्त सम्झौता अनुसार नेसनल प्याथ ल्याबका विभिन्न स्वास्थ्योपचार सेवा शुल्कमा कुमारी बैंकको डेबिट तथा क्रेडिट कार्ड मार्फत भुक्तानी गर्दा 'इनहाउस' परीक्षणमा २० प्रतिशत र 'आउटसोर्स'मा १० प्रतिशतसम्मको आकर्षक छुट प्राप्त गर्न सक्ने कम्पनीको भनाइ छ। कुमारी बैंकले देशभरका ३०४ शाखा सञ्जाल, २९४ एटीएम, ६२ शाखारहित बैंकिङ इकाइ तथा ४८ एक्सटेन्सन काउन्टरबाट सेवा दिँदै आएको छ।

# मुक्तिनाथ विकास बैंकद्धारा सामाजिक उत्तर दायित्व अन्तर्गतका कार्यक्रम सम्पन्न

मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यलाई निरन्तरता दिँदै चैत्र महिनामा विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ। बैंकले पोखरा महानगर पालिका-२६, ढलेपिपल स्थित भूतपूर्व सैनिक कृषि समूहलाई फोहोरमैलाको




अल्पकालिन व्यवस्थापनका लागि आवश्यक पर्ने डस्टविन हस्तान्तरण गरेको छ। बैंकले ट्राफिक कार्यालय कास्कीलाई विभिन्न ट्राफिक नियम पालना गर्नुपर्ने सम्बन्धी जनचेतनामुलक सन्देशमुलक वोर्डहरु पनि हस्तान्तरण गरेको छ।

साथै , बैंकले दाङको घोराही उप- महानगरपालिका-१६, तेरोटेस्थित जेष्ठ नागरिक सरोकार केन्द्रलाई सीसी क्यामेरा जडानको लागि सहयोग गरेको छ भने नुवाकोटको विदुर नगरपालिका वडा नं .०९ पिपलटारमा रहेको खानेपानीको समस्या समाधान गर्न उपभोक्ता समितिलाई आर्थिक सहयोग समेत गरेको छ। यस सहयोगले सम्बन्धित क्षेत्रका नागरिक र व्यक्तिहरुको हितमा काम हुने विश्वास लिएको छ।

# नेपाल बैंक लिमिटेडको २२८ औं शाखा चितवन हाकिमचोकमा

नेपाल बैंक लिमिटेडले आफ्नो २२८ औं शाखा चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० हाकिमचोकमा स्थापना गरेको छ। नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष गंगा प्रसाद ज्ञवाली, चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल र नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले संयुक्त रुपमा ताम्रपत्र अनावरण गरी शाखा समुद्घाटन गर्नुभयो। उक्त समाहरोहमा नेपाल बैंक लिमिटेड हाकिमचोक शाखाका शाखा प्रवन्धक नीना श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। नेपाल बैंक लिमिटेड प्रादेशिक कार्यालय बागमति प्रदेशका प्रादेशिक प्रमुख पासाङ दोर्जी शेर्पा र चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चुन नारायण श्रेष्ठ, उद्योग संघका अध्यक्ष त्रिलोचन कंडेल, वीरेन्द्र क्याम्पसका प्रमुख दयाराम पौडेल, सप्तगण्डकी क्याम्पसका प्रमुख मणिराज महतो लगायत उपस्थित रहनुभएको उद्घाटन समाहरोहमा जनप्रतिनिधि, ब्यापारी-ग्राहक, जिल्लामा रहेका सरकारी कार्यालयका प्रमुख, शिक्षक, नेपाल बैंक लिमिटेडका निवर्तमान कर्मचारी तथा




जेष्ठ नागरिकहरुको समेत उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि सुरेन्द्र पौडेलले चितवन जिल्लामा प्रतिष्पर्धात्मक माध्यमबाट सुलभ र सहज बैकिङ्ग सेवा दिने गरी नेपाल बैंक लिमिटेड आएकोले यसले चितवनबासीलाई आर्थिक रुपले समृद्ध बनाउने भूमिका खेल्ने धारणा राख्नुभएको थियो। नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष गंगाप्रसाद ज्ञवालीले विगतमा चितवन जिल्लामा खोलिएको नेपाल बैंक लिमिटेडलाई चितवन बासीले स्मरण गरिरहेकोले सञ्चालनमा आएको हाकिमचोक शाखाबाट दिगो बैंकिङ्गको अपेक्षा रहेको धारणा राख्नुभयो।

नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले वक्ताहरुबाट उठाइएका जिज्ञासाको बारेमा स्पष्ट पार्दै बैंकको विशिष्ट प्रकृतिका आर्थिक प्रडक्टहरु रहेका र सोलाई प्रयोग गरी बैंकसँग साझेदारी गर्न ग्राहकबर्गहरुमा अनुरोध गर्नुभएको थियो।

उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेड, चितवनमा रहेका शाखा कार्यालयका शाखा प्रमुखहरुको समेत उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेड प्रादेशिक कार्यालय बागमति प्रदेशका प्रादेशिक प्रमुख पासाङ दोर्जी शेर्पाले स्वागत मन्तब्य दिनुभएको थियो भने शाखामा कार्यरत कर्मचारीहरुले अतिथि सत्कारको ब्यवस्थापन गर्नुभएको थियो।

# ग्लोबल आइएमई बैंकद्धारा मण्डला चित्र अंकित क्यालेण्डर सार्वजनिक

ग्लोबल आईएमई बैंक लिमिटेडले मण्डला चित्रकलालाई समावेश गरिएको वि.सं. २०८० को क्यालेण्डर सार्वजनिक गरेको छ। शुक्रबार आयोजित एक कार्यक्रमबीच नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा बैंक




सञ्चालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकाल, बैंकका सञ्चालकहरु रामबहादुर भण्डारी, मदनलाल जोशी र देवेन्द्रप्रताप शाह, प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा मण्डला चित्र कलाकारद्वय भाइराजा शाक्य र ङवाङ लामाले संयुक्तरुपमा उक्त क्यालेण्डर सार्वजनिक गरेका हुन्। ग्लोबल आईएमई बैंकले हरेक वर्ष आफ्नो क्यालेण्डरमा स्थानीय कला, संस्कृति र परम्पराको प्रवर्द्धनलाई प्राथमिकता दिँदै आएको छ। कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष ढकालले नयाँ क्यालेण्डरमार्फत मण्डला चित्रकला प्रवर्द्धन तथा कलाकारको सम्मानमा योगदान पुग्नसक्ने बताए। मुलुकभित्रका मौलिक तर प्रचार हुन नसकेको संस्कृति फैलाउने अभियानमा ग्लोबल आईएमई बैंक स्थापनाकालदेखि नै सक्रिय रहेको उल्लेख गर्दै उनले आउँदा दिनमा पनि लोक, कला, संस्कृति र कलाकारलाई प्रवर्द्धन प्रतिबद्ध रहेको बताए। चित्रकलामा दुई दशकदेखि सक्रिय कलाकारद्वय भाइराजा शाक्य र ङवाङ लामाले तयार पारेको मण्डला चित्रकलालाई क्यालेण्डरमा समाविष्ट गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले जानकारी दिए। नेपालको मौलिक मण्डला चित्रहरुलाई मुलुकभर क्यालेण्डरमार्फत फैलाउने तथा कलाकारको योगदानलाई सम्मान गर्ने आफूहरुको प्रयास रहेको उनको भनाइ रहेको थियो। 'छरिएर रहेका मण्डला कलाकृतिलाई एकीकृत गर्ने हाम्रो प्रयास हो', उनले भने, 'यसबाट चित्रकला क्षेत्रलाई प्रवर्द्धन हुने र स्थानीय कलाकृति तथा संस्कृति संरक्षण हुने हाम्रो अपेक्षा छ।' कार्यक्रममा कलाकारद्वयले मण्डला चित्रकलालाई क्यालेण्डरका निमित्त छनोट गरेकोमा बैंकलाई धन्यवाद दिएका छन्। सो अवसरमा बैंक अध्यक्ष ढकालले कलाकारद्वयलाई सम्मानसमेत गरेका थिए।

# अर्थ संसार

## एनएमबि बैंकले ल्यायो कर्णाली विशेष बचत खाता

एनएमबि बैंकले 'एनएमबि कर्णाली विशेष बचत खाता' सञ्चालनमा ल्याएको छ। पुरातात्विक रुपले सुन्दर कर्णाली प्रदेशको आर्थिक वृद्धिका लागि यो विशेष बचत खाता सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ। यो बचत खाता खोल्दा ग्राहकले निःशुल्क डिलाइट कार्ड, क्रेडिट कार्ड, डलर कार्ड तथा ओम्नी च्यानल बैंकिङ सेवा पाउने बैंकले जनाएको छ। डिम्याट र मेरो सेयर सुविधाका साथै निःशुल्क आस्बा सेवा उपलब्ध हुनेछ। यो खाता




अन्तर्गत ओम्नी च्यानल ट्रान्ज्याक्सनमा रु. ५००सम्म आकर्षक क्यास ब्याक अफर पनि रहेको बैंकले जनाएको छ। विगत २६ वर्षदेखि अनवरत रुपमा बैंकिङ सेवासुविधा प्रदान गर्दै आएको एनएमबि बैंकले दि फिनान्सियल टाइम्स लन्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधि 'बैंक अफ दि इयर एसिया २०२१' उपाधिबाट सम्मानित भएको बैंक हो। एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ लागि पनि उक्त पत्रिकाद्वारा चारपटक नेपालकै उत्कृष्ट बैंकको उपाधि 'बैंक अफ दि इयर नेपाल' प्राप्त गरिसकेकको छ। एनएमबि बैंकले हाल देशभरि २०१ शाखा, १३८ एटीएम र १२ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

## एभरेष्ट बैंकद्धारा २०८० सालको क्यालेन्डर सार्वजनिक

एभरेष्ट बैंकले आफ्नो कर्पोरेट क्यालेन्डर सार्वजनिक गरेको छ। बैंकले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा आयोजित एक विशेष कार्यक्रममा क्यालेन्डर सार्वजनिक गरेको हो। नेपालको कला, संस्कृति, भाषा भेषभुषा तथा पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ बैंकले निरन्तर रुपमा यस्ता विषयवस्तु समेटेर आफ्नो क्यालेन्डर प्रकाशन गर्दै आएको छ। 'नेपालका राष्ट्रिय विभूतिहरु' भन्ने नारासहितको २०८० सालको क्यालेन्डर संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारी र एभरेष्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले संयुक्त रुपमा



अनावरण गरेका हुन्। कार्यक्रममा मन्त्रालयका अन्य वरिष्ठ अधिकारीहरु तथा बैंकका तर्फबाट बागमती प्रदेशका प्रादेशिक प्रबन्धक सन्तोष कुमार भट्टराई र बजार तथा संस्थागत निक्षेप प्रमुख पुष्पराज उप्रेतीको समेत उपस्थिति रहेको थियो। साथै, सो कार्यक्रमा सचिव सुरेश अधिकारीले एभरेष्ट बैंकले यस्ता विषयवस्तुमा आधारित क्यालेन्डर प्रकाशन गर्नाले समग्र जातजाती, भूगोल तथा पर्यटन प्रवर्द्धनमा विशेष भूमिका निर्वाह गर्ने धारणा व्यक्त गर्नुका साथै बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले नेपाली कला संस्कृती, पर्यटन तथा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने विभूतिहरुलाई सम्मान गर्न यस विषयवस्तुलाई चित्रण गरेको जनाए।

## माछापुच्छ्रे बैंक र पेट्रोलियम डिलर्स एसोसिएसनबीच सम्झौता

माछापुच्छ्रे बैंकले नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएसनसँग डिजिटल भुक्तानी सेवा प्रदान गर्ने तथा सचेतना कार्यक्रमसम्बन्धी सम्झौता गरेको छ। उक्त सम्झौतापत्रमा एशोसिएसनको तर्फबाट अध्यक्ष लिलेन्द्रप्रसाद प्रधान र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार एशोसिएसनसँग आवद्ध पेट्रोल पम्पहरुले पोस र क्यूआरलगायतबाट डिजिटल भुक्तानी सरल र विश्वासिलो तरिकाले गर्न सक्ने बैंकले जनाएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत कोइरालाले वातावरणमैत्री अर्थतन्त्र (ग्रिन इकोनमी)लाई टेवा पुऱ्याउने बैंकको रणनीतिअनुरुप बैंकले विभिन्न संघसंस्थासँग समन्वय गरी डिजिटल कारोबारको सम्झौता गरिरहेको जानकारी दिए। साथै, उनले वास्तविकरुपमा डिजिटल्ली स्मार्ट बैंक बन्ने दीर्घकालीन लक्ष्यका साथ बैंकले परिमार्जित र परिस्कृत डिजिटल सेवा सुविधा तथा सचेतना कार्यक्रम आफ्ना ग्राहकलाई प्रदान गरिरहेको बताए। एशोसिएसनका अध्यक्ष प्रधानले देशको वार्षिक झण्डै दुई खर्बको तेल खरिद बिक्री कारोबारलाई डिजिटल कारोबारमा आवद्ध गराउन माछापुच्छ्रे बैंकको पहलले समग्र अर्थतन्त्रको डिजिटल कारोबारमा सहयोग पुग्ने धारणा राखे। साथै, प्रधानले पेट्रोलियम पदार्थको बिक्री गर्ने बिक्रेता एंव खरिद गर्ने क्रेता दुवै पक्षले क्यूआर कोड तथा अन्य डिजिटल माध्यमहरु खोज्ने हुँदा बैंकसँगको सम्झौतापश्चात् सहज र सरलरुपमा सेवाग्राहीलाई डिजिटल भुक्तानी सेवा पुग्नेमा विश्वस्त रहेको बताए।

# यस वर्षको बिस्केटजात्रा चैत २७ गतेदेखि

भक्तपुर । प्रत्येक नयाँवर्षमा भक्तपुरवासीले नौ दिन आठ रातसम्म परम्परागत तान्त्रिक विधिअनुसार मनाउने विश्वप्रसिद्ध बिस्केटजात्रा यस वर्ष चैत २७ गतेदेखि सुरु हुने भएको छ । नयाँ वर्षको चार दिन अगाडि भैरवको रथ तानेर सुरु हुने यो जात्रा मुख्य गरी चैत मसान्तमा इन्द्रध्वजा सहितको लिङ्गो उठाइने र वैशाख १ गते दिनभर ल्यासिङ्खेलमा लिङ्गो जात्रा मनाएर साँझ लिङ्गो ढालेर जात्रा मनाइन्छ । जात्राका लागि अत्यावश्यक रहेको भैरव र भद्रकालीको रथ निर्माणसुरु भएको छ ।

टौमढीस्थित पाँचतले मन्दिर प्राङ्गणमा एक महिना अगाडिदेखि रथ निर्माणका लागि विभिन्न आकारका काठ तयार गर्ने, पाङ्ग्रा बनाउने, बिग्रिएका सामानको मर्मत गर्ने, बुङ्गा बनाउने कार्य भइरहेको गुठी संस्थान भक्तपुरको प्रमुख खिमा बलीले जानकारी दिनुभयो । उहाँका अनुसार नयाँ काठ किनेर एउटा नयाँ पाङ्ग्रा निर्माण गरिएको र अरु पाङ्ग्रा मर्मत गरिएको छ भने १६ गतेदेखि भैरवको रथको पाङ्ग्रा र विभिन्न पाटपुर्जा जडान गर्दै करिब २३ गतेसम्म प्यागोडा शैलीको तीन तले रथ निर्माण सम्पन्न गरेर रङरोगन गरिने छ ।

रथ निर्माणका लागि दाताबाट ठूलो काठ आएको र गुठी संस्थानले रथ निर्माण तथा मर्मत आवश्यक पर्ने काठ समयमै ल्याएको छ । उहाँले भन्नुभयो, "रथ तान्न ठेकेदारलाई ९० हात लामो कसिलो एकदमै बलियो डोरी ल्याउन निर्देशन दिएका छौं, जात्रा व्यवस्थापन समितिसमेतको टोलीले डोरीको परीक्षण गरिएको छ, ५५ हात लामो, नाङ्लोजस्तो फराकिलो फेद भएको लिङ्गो जात्राका लागि चाहिन्छ, गत वर्ष दुईलिङ्गो रहेकाले यस वर्ष नयाँ लिङ्गो भने ल्याइएन, यस वर्ष २७ गते भैरवको रथ दिउँसो ३ बजे तानेर अपराह्न ५ बजे सम्पन्न गर्ने निर्णय गरेका छौँ ।"पोटरीस्क्वायमा प्रजापति समाजले उठाउने बिना हातको लिङ्गो भने भक्तपुरको सूर्यविनायक नगरपालिका १० चित्तपोलस्थित सल्लाघारीबाट ल्याइएको छ । यस वर्ष बिस्केट जात्राका लागि पूजा खर्चबाहेक रथ निर्माण, डोरी, बेत, विभिन्न साइजका काठ खरिद एवं ज्यालालगायत रु २५ लाख बजेट रहेको उहाँले जानकारी दिनुभयो । २६ गते हनुमान ढोकाबाट खड्ग ल्याएर गुठीका एक कर्मचारीलाई राजाको प्रतीक बनाएर बाजागाजासहित च्याङ्गा गणेश मन्दिरको जङ्गलमा रुखलाई पूजा गरेर खड्ग भित्र्याएपछि जात्रा सुरु हुने परम्परा रहेको छ । लिच्छवीकालदेखि सुरु भएको सो जात्रा वैशाख १ गतेभन्दा चार दिनअगाडि भैरव र भद्रकालीको रथयात्रा गरी सुरु गरिने परम्परा छ । जात्राको मुख्य आकर्षण भनेकै रथजात्रा र लिङ्गोजात्रा हो । तान्त्रिक विधिअनुसार काठैकाठले प्यागोडाशैलीमा निर्माण गरिने ३५ फिट अग्लो तीनतले भैरवनाथको रथमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतले मन्दिर प्राङ्गणबाट माथिल्लो र तल्लो क्षेत्रमा रथलाई तानेर लैजाने परम्परा छ । सुरुको दिनमा तौमढीबाट भक्तपुरको माथिल्लो क्षेत्र क्वाछें, साकोथा, सुकुलढोका, गोलमढी, इनाचो, दत्तात्रय पुऱ्याई रथ फर्काउने प्रचलन छ । नयाँ वर्षको चार दिनअघि अर्थात् चैत २७ गते दिउँसो तान्त्रिक विधिअनुसार भैरवनाथको रथमा खड्ग, तरवार र निसान राखिसकेपछि अपराह्नदेखि रथ तान्ने क्रम सुरु गर्ने परम्परा रहेको छ । विक्रम संवत्अनुसार सौरमासका आधारमा तान्त्रिक विधिअनुसार चल्ने बिस्केट जात्रा नेपाल भाषामा बी:सित (नाग मऱ्यो), बीय जात्रा (नागको जात्रा), बी:स्यात (नाग मारियो) हुँदै पछि अपभ्रंश भई बिस्केट जात्रा हुन गएको बताइन्छ । रथ तल्लो क्षेत्रमा बुलुचा, नासमना, वंशगोपाल, तेखापुखुतिर लैजाने प्रचलन छ भने भैरव तथा भद्रकालीको रथजात्रा गरी ग:हिटी पुऱ्याएर पहिलो दिनको रथयात्रा विसर्जन गर्ने परम्पराछ । दोस्रो दिन भद्रकालीको रथ ग:हिटी खलाटोल अजिमा देवताघर पुऱ्याइन्छ भने तेस्रो दिन ग:हिटीमा भैरवलाई बलि चढाई गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ । ल्यासिंखेलमा चैत मसान्तको साँझ ५५ हात लामो इन्द्रध्वजासहितको लिङ्गो उभ्याउने परम्परा छ । सुरुमा बिस्केट जात्रा लिङ्गो उभ्याउने र ढाल्ने दिनमा मात्र मनाइन्थ्यो । पछि मल्लकालमा यो जात्रा भैरव र भद्रकालीको रथयात्रा गरी प्रत्येक टोल(टोलमा शक्तिशाली देवीदेवताको पूजा गर्दै मनाउने प्रचलन रहेको हो । रथ तान्दा अप्रिय घटना नहोस् भनेर रथ तान्ने दिन रथमा छ भैरव नाइके, पाँच चौगुठी र दुईजना तलेजुका पुजारी रहने चलन रहेको तलेजुका मूल नाइके नरेन्द्रप्रसाद जोशी बताउनुभयो । वैशाख ५ गते जात्राको अन्तिम दिन भएकाले सो दिन पनि सुरुको दिनजस्तै प्रसिद्ध पाँचतले मन्दिरस्थित तौमढी टोलबाट भैरवको रथ दुई सय फिट लामो चार(चारवटा डोरीले बाँधेरतल्लो र माथ्लो टोलका बासिन्दाले आआफ्नो टोलमा लैजान दुवैतिर तान्ने गर्छन् । त्यसपछि रथ पाँचतले मन्दिरको पश्चिम कुनामा राखी बेताली भैरवको मुख्य देउतालाई पूजा गरेर देउतालाई भैरव मन्दिरमा भित्र्याइएपछि तान्त्रिक विधि अनुरूप पूजा गरी जात्रा सम्पन्न गरिने परम्परा रहेको छ ।

# किन चाहियो विज्ञ अर्थमन्त्री ?

शंकरमान सिंह

सामान्यत: अर्थमन्त्रालयलाई 'सुपर' मन्त्रालय भन्दा होइन भन्ने आमधारणा र संवैधानिक र कानुनी दृष्टिबाट समेत होइन भन्ने थियो । तर, अर्थमन्त्रालयको बढी उल्लेखनीय, महत्वपूर्ण र प्रभावकारी भूमिका रहेको यथार्थ कसैबाट छिपेको छैन । देशको आर्थिक सल्लाहकारका रूपमा रहेको नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत समस्या सम्बोधन गर्ने प्रयत्न गरे पनि अझ बढी सशक्त हुनुपर्ने आमधारणा छ । वित्तीय नीतिका लागि अर्थमन्त्रालय बढी चुस्त र दुरुस्त हुनु जरुरी छ । नेपालका उद्यमी व्यवसायी उपभोक्ताको हितका लागि सरकारबाट ठोस रचनात्मक आर्थिक कदमको अपेक्षा गर्छ । उद्यमी व्यवसायीलाई सहयोग गर्नु श्रमिकलाई सहयोग गर्नु हो । मुलुकको अर्थतन्त्रलाई चाहिने कुल पुँजीको दुईतिहाइ निजी क्षेत्रले लगानी गर्छन् । हाल निजी क्षेत्रको सक्रियताको आवश्यकता महसुस भएको छ ।

**व्यावसायिक क्रियाकलाप र राजस्व**

धितोपत्र बोर्डले सूचीकृत कम्पनीहरूले पुँजीबजारमा पहुँच अवधि र क्षमतालाई समेत सुदृढ गर्नुपर्छ । विदेशमा जाने श्रमिकका बारेमा श्रमिक आयात गर्ने मुलुकसँग सहकार्य गरी रेमिटेन्सको रकम कमी नआउने दृष्टिले क्रियाकलाप बढाउनुपर्छ । विप्रेषणको लागत घट्नुपर्ने र विप्रेषण पठाउने मुलुकहरूलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ । पर्यटन तथा होटल व्यवसायका लागि विशेष सुविधाको प्याकेज आउनुपर्छ ।

सरकारले वित्तीय घाटाको लक्ष्यलाई केन्द्रित नगरी आर्थिक विकासमा जोड दिने र सरकार र राजस्व उठ्ती र पुँजीगत खर्चबीचको तालमेल हेर्न नहुने हालको अवस्था छ । यसैबीच विकास साझेदार र मुलुककै तरलताबाट सार्वजनिक खर्चको जोहो गर्नुपर्ने देखिन्छ । सरकारी र सार्वजनिक संस्थानमा उल्लेखनीय खर्च नगरी मितव्ययितामा शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्ने देखिन्छ । सरकारले आयातभन्दा स्वदेशी उत्पादनमा जोड दिने नीति अवलम्बन गर्नुपर्नेमा तौरतरिका परिवर्तन गर्न ढिलो गर्नु हुँदैन । नेपालमा अर्थमन्त्री हुन सांसद र पार्टीको दया, माया, ममताबाहेक अन्य कुनै योग्यता चाहिँदैन । कुशल राजनीतिज्ञले समेत अर्थतन्त्र चलाउन सक्छन्, तर यो प्राविधिक मन्त्रालय हो भन्ने कुराको भने हेक्का रहनुपर्छ ।

करिब तीन दशकअघि, मेरा एक जना साथी थिए र भौतिक शास्त्रका शिक्षकसँग पनि शिक्षाको उद्देश्यबारे छलफल गरिरहेको थिएँ । मेरो साथीले लामो विचारपछि के भने, त्यसले शिक्षाको उद्देश्य र सार दिन्छ । उहाँले भन्नुभयो, "समस्या समाधान गर्न सबै शिक्षामा दिमागको तालिम हुनुपर्छ । उनले भने, मैले सैद्धान्तिक भौतिक शास्त्रमा तालिम लिएको छ । यद्यपि, यदि मेरो प्रशिक्षण राम्रो छ र मलाई समाधान गर्न अर्थशास्त्रमा समस्या दिइयो भने म पनि बताइएका समस्याको समाधान वा समाधानको साथ आउन सक्छु ।" मेरो साथीले मनको तालिममा शिक्षाको भूमिका बताउँदै थिए ।

उनका अनुसार सामान्य समस्या समाधान गर्न विशेषज्ञ चाहिँदैन, हामीले जीवनमा सामना गर्नुपर्छ । यदि प्रशिक्षण राम्रो छ भने, साँघुरो क्षेत्रमा विशेष ज्ञानको आवश्यकता नपर्ने क्षेत्रहरूमा समस्याहरू समाधान गर्न सकिन्छ । त्यसैले अर्थमन्त्री बन्न अर्थविद् हुनु आवश्यक छैन । मन्त्रालय चलाउन इन्चार्ज मन्त्रीले विज्ञको सल्लाह र सहयोग भने लिनुपर्ने हुन्छ ।

विषयबारे थाहा पाउनु थप फाइदा हो, तर सफल अर्थमन्त्री हुनका लागि यो आवश्यक छैन । मन्त्री हुनु भनेको विज्ञताभन्दा शक्ति हो । तपाईंले शक्तिको सही प्रयोग गर्नुहुन्छ कि हुँदैन भन्ने प्रश्न अहम् हुन्छ । उद्योग वा मन्त्रालयमा बुद्धिमानी, प्रविधिको विश्वव्यापी परिवर्तन, अनुगमन प्रणाली आदिसँग अद्यतित सही टोलीको कुरा हुन्छ तर सार्वजनिक सेवामा अधिकांश मन्त्रीको टोली हुने प्रणालीले वरिष्ठता, प्रभाव, पक्षपात, भ्रष्टाचार, आरक्षणमा काम गर्छ/गर्दैन, सो हेर्नुपर्छ ।

यसले विषय नबुझेका मन्त्रीहरूलाई गलत टोली दिन्छ, जसले गर्दा गलत निर्णय हुन्छ । त्यसैले उत्तर सही टोली छनोट गर्न सक्षम हुन अनिवार्य छ, व्यक्तिपरक व्यक्तिले कस्तीमा पनि सुधारात्मक कारबाही गर्न प्रारम्भिक चरणमा वित्तीय सन्दर्भमा के गलत छ भनेर विषयद्वारा सहयोग गरिएको ज्ञान हुनेछ ।

हालै निजी क्षेत्रका प्रतिनिधिहरूले सत्ता समीकरणमा आएको फेरबदलसँगै अर्थमन्त्रालय नेतृत्वविहीन भएको भन्दै तत्काल नयाँ मन्त्री नियुक्तिको माग गरेका छन् । मुलुकको अर्थतन्त्र संकटमा रहेको अहिलेको अवस्थामा अर्थतन्त्रबारे सुझबुझ भएको अनुभवी व्यक्तिलाई अर्थमन्त्रालयको जिम्मेवारी दिनुपर्नेमा उनीहरूको जोड छ । जुन तर्कसंगत छैन । राजनीतिभन्दा पनि अर्थतन्त्र बुझेको व्यक्ति अर्थमन्त्री हुनुपर्ने निजी क्षेत्रको राय छ ।

'टेक्नोक्र्याट' अर्थमन्त्री भए कुरा बुझ्ने र समस्या समाधान गर्न सजिलो हुने बुझाइ निजी क्षेत्रको छ तापनि उसको टिम र उनको अभिप्राय: गलत भए झन् खराब हुन सक्छ । प्रधानमन्त्रीसँगको छलफलमा हालै नेपाल उद्योग परिसंघले नयाँ अर्थमन्त्री नियुक्तिमा विलम्ब नगर्न आग्रह गरेका हुन् । संकटको बेला अर्थमन्त्रालयलाई लामो समयसम्म नेतृत्वविहीन बनाइराख्न नहुने उनको भनाइ थियो ।

आर्थिक संकट समाधानका लागि निजी क्षेत्रका सुझावहरूलाई गम्भीर रूपमा लिनुपर्ने उनीहरूले बताएका थिए । बजारमा मागको संकुचन आएको छ । बैंकको एनपीए बढेको छ, अझै बढ्ने देखिएको छ । यसमा सचेत हुनुपर्ने समय आएको निजी क्षेत्रले बताएको छ ।

अहिलेको समस्या समाधानका लागि नेपाल सरकारसहित राष्ट्र बैंक, निजी क्षेत्र सबै एकै ठाउँमा हुनुपर्ने धारणा छ । बैंकको ब्याजदरका कारण व्यावसायिक लागत बढ्दै गएको उल्लेख गर्दै कर्जा र निक्षेपबीचको अन्तर स्प्रेडदर ३ प्रतिशतमा सीमित राख्नुपर्ने माग छ । हाल आएर बैंक तथा वित्तीय संस्था नियामकीय सुपरिवेक्षणमा सञ्चालन भइरहे पनि चौतर्फी आक्रमणको निशानामा परेको छ । वित्तीय संस्थाहरूविरुद्ध संगठित र सुनियोजित आक्रमण भइरहेको उल्लेख छ र बैंकिङ क्षेत्रमा नै जोखिम रहेको समेत छ । बैंकरहरूको सुरक्षामा चासो राख्दै डरत्रासको वातावरणमा बैंकिङ कारोबार गर्न कठिन हुने निश्चित छ ।

नेपालमा लघुवित्त वित्तीय संस्थाको अवस्था र यसले अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे अध्ययन गर्न उच्चस्तरीय समिति गठन भएको छ । नेपाल राष्ट्र बैंक सञ्चालक समितिको बैठकले लघुवित्तको समग्र पक्ष अध्ययनका लागि उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको हो ।

छिमेकी मुलुक भारतमा अर्थमन्त्री 'वित्त' मा व्यावसायिक विशेषज्ञता भएको पेसेवर हुनु आवश्यक छैन । उसले बरु निर्णयहरू लिने अपेक्षा गरिएको छ ( निर्णय लिनु भनेको शीर्षमा रहेका व्यक्तिहरूको काम हो, किनभने यसलाई रणनीति बनाउन आवश्यक छ) र वित्तीय निर्णयहरू लिने टोलीका सदस्यहरूको नेतृत्व गर्ने (कार्यान्वयनका लागि निर्णय लिनु आवश्यक छ ।) वित्तीय विशेषज्ञता चाहिन्छ ।

अर्थमन्त्रीको काममा उदीयमान नयाँ प्रवृत्तिहरूसहित विश्व वित्तीय बजारको गहिरो बुझाइ हुनुपर्छ । अर्थमन्त्रीलाई 'राष्ट्रका जनताको आर्थिक आवश्यकताको अनुभूति हुनु अनिवार्य छ । लोकतन्त्र 'बहुमतको शासन' भएकाले आर्थिक संकट समाधान गर्ने, जनताको जनादेश र प्रधानमन्त्रीसँग मिलेर काम गर्ने र उनको दृष्टिकोणलाई व्यवहारमा बाँकी ६ पृष्ठमा

# खेलकुद

## विराट गोल्डकप : विराटनगर सिटी फाइनलमा प्रवेश

सातौं संस्करणको विराट गोल्डकपमा घरेलु टिम विराटनगर सिटी फाइनलमा प्रवेश गरेको छ । सहिद रङ्गशालामा भएको पहिलो सेमिफाइनल खेलमा 'ए' डिभिजन क्लब जावलाखेल युथ क्लबलाई २, १ गोलले हराउँदै विराटनगर सिटी घरेलु मैदानमा उपाधि नजिक पुगेको हो । जितको लागि विराटनगरका स्टेफन ब्याङगनल र अभिषेक गुरुङले गोल गरी टिमको जित सुनिश्चित गरेका छन् । जावलाखेलको तर्फबाट हिसुब थपलियाले सान्त्वना गोल फर्काए । खेलमा विराटनगरले सङ्घर्षपूर्ण जित हासिल गरेको हो । प्रतिस्पर्धात्मक तथा रोचक खेलमा घरेलु दर्शकको साथ पाएको विराटनगरले दोस्रो हाफदेखि आक्रमक खेल पस्कियो । जावलाखेलको फिनिसिङ पक्ष कमजोर रहँदा बारम्बार पाएको गोल गर्ने अवसर खेर फालेको थियो । दोस्रो हाफपछि विराटनगरले अग्रता लिएपछि जावलाखेललाई दबाब परेको थियो । जितपछि विराटनगरका प्रशिक्षक सन्तोष न्यौपानले खेलाडीको मेहनतको कारणले जित हासिल गरेको बताउनुभयो । उहाँले पहिलो हाफसम्म खेलाडीले पाएको सुन्दर अवसर खेर फाल्दा जित निकाल्न दोस्रो हाफ कुर्नुपरेको उल्लेख गर्नुभयो । जावलाखेलको प्रशिक्षक सुनिलकुमार श्रेष्ठले पटकपटक पाएको अवसर खेर फाल्दा हार भएको बताउनुभयो । खेलको म्यान अफ म्याच विराटनगर सिटीका स्टेफन ब्याङगनल घोषित भए । उनले नगद रु ११ हजार पाए । मङ्गलबार हुने अन्तिम सेमिफाइनल खेलमा पाहुना टोली भारत केरलाको लुका सकर क्लब र साविक विजेता विभागीय टिम एपीएफबीच हुने प्रतियोगिताका व्यवस्थापक सरोज लम्सालले बताउनु भयो । चैत १६ गतेसम्म सञ्चालन हुने गोल्डकपमा नेपाल, भारत र भुटानका गरी आठ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता हुने टिमले रु २० लाख १५ हजार तथा उपविजेताले रु १० लाख २५ हजार पुरस्कार पाउने प्रतियोगिताका सहसंयोजक सुवाशिष कोइरालाले जानकारी दिनुभयो ।

## भोजपुर गोल्डकप : एभिनिएर क्यामरु सेमिफाइनलमा प्रवेश

भोजपुर । भोजपुरमा जारी जिल्लाकै प्रतिष्ठित छैटौं अन्तर्राष्ट्रिय आमन्त्रण मेयर भोजपुर गोल्डकप प्रतियोगिताअन्तर्गत आज भएको अन्तिम क्वार्टरफाइनल खेलमा उदयपुरलाई ४, ० गोलले हराउँदै एभिनियर फुटबल क्लब क्यामरुन सेमिफाइनलमा पुगेको छ । निर्धारित समयमा क्यामरुनको तर्फबाट ४ गोल हुँदा बसाहा युथ क्लब उदयपुरले कुनै पनि गोल गर्न सकेन । क्यामरुनका तर्फबाट खेलको छैटौं मिनेटमा जर्सी नं १६ का खेलाडी नगुइनी, खेलको ६८औं मिनेटमा जर्सी नं १० का टिमबा, ७३औं मिनेटमा जर्सी नं १५ का एन सनगोउ र अर्का जर्सी नं४ का खेलाडी बोयोमोले एक/एक गोल गर्दै आफ्नो सेमिफाइनलमा पुऱ्याए । प्रतियोगिताको म्यान अफ द म्याच क्यामरुनका नगुइनी भएका छन् । मङ्गलबार हुने पहिलो सेमिफाइनल खेल आयोजक भोजपुर जिल्ला फुटबल सङ्घ र डाँगीहाट युथ क्लब मोरङका बीचमा हुने आयोजक भोजपुर जिल्ला फुटबल सङ्घका अध्यक्ष प्रवीण सुवालले जानकारी दिनुभयो ।

शुक्रबार भएको पहिलो क्वार्टरफाइनल खेलमा एनविवाइसी सप्तरीलाई पराजित गर्दै आयोजक भोजपुर जिल्ला फुटबल सङ्घ सेमिफाइनल प्रवेश गरेको छ । शनिबारको दोस्रो खेलमा युकेएफसी भारतलाई हराउँदै डाँगीहाट युथ क्लब मोरङ, सेमिफाइलको यात्रामा पुगेको हो । आइतबार भएको तेस्रो क्वार्टरफाइनल खेलमा भगवती स्पोर्ट्स क्लब खोटाङलाई टाइब्रेकरमा हराउँदै गत वर्षको विजेता गोर्खा ब्वाइज रुपन्देही सेमिफाइनलमा पुगेको थियो ।

प्रतियोगितामा दुई बाहिरी र छ नेपाली गरी आठ टिमले सहभागिता जनाएका छन । प्रतियोगितामा युकेएफसी दार्जिलिङ भारत, एभिनियर फुटबल क्लब क्यामरुन, भोजपुर जिल्ला फुटबल सङ्घ, एनबिवाइसी सप्तरी, गोर्खा ब्वाइज रुपन्देही, डाँगीहाट युथ क्लब मोरङ, भगवती स्पोर्ट्स क्लब खोटाङ र बसाहा क्लब उदयपुर सहभागिता जनाएको खेल संयोजक आङपासाङ शेर्पाले जानकारी दिनुभयो ।

## अन्नपूर्ण म्याराथनको तेस्रो संस्करण जेठ २० गते

गण्डकी । अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवसका सन्दर्भमा सेन्चुरी पर्यटन समितिले अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म (१४२.१९५ किमी)को अन्नपूर्ण म्याराथन आउँदो जेठ महिनामा आयोजना गर्ने भएको छ । कोभिड १९ का कारण दुई संस्करण स्थगित भए पनि समितिले यसपटक अन्नपूर्ण म्याराथनलाई निरन्तरता दिन लागेको समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण आधार शिविरको पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न विगतमा निरन्तर पर्यटन महोत्सव र अन्नपूर्ण म्याराथन गर्दैै आइएको थियो । प्रतिकूल परिस्थितिका कारण गत वर्षका कार्यक्रम स्थगित भए पनि यसपटक पूर्वनिर्धारित समयअनुसार नै कार्यक्रमलाई निरन्तरता दिइने समितिका सचिव मिकास गुरुङले बताउनुभयो । विसं २०७५ फागुन १५ को हिमपातबाट अन्नपूर्ण आधार शिविरमा आएको हिमआँधीले अन्नपूर्ण आधार शिविरका होटलमा गम्भीर क्षति भएको थियो । नेपाल भ्रमण वर्ष २०२० घोषणा भएलगत्तै अन्नपूर्ण पदयात्रा मार्गको हिन्कु केभमा हिमपहिराका कारण भएको दुःखद् घटना र विश्वव्यापी कोभिड १९ को सङ्क्रमण र त्यसको नियन्त्रण लागि अपनाइएको निषेधाज्ञाका कारण त्यस क्षेत्रको पर्यटन व्यवसायसँगै देशको सम्पूर्ण अर्थतन्त्रमा समेत गम्भीर असर परेको व्यवसायी बताउँछन् । पर्यटन क्षेत्रलाई धरासायी हुन नदिनका विशेष राहत प्याकेज कार्यक्रम सञ्चालन गरी अर्थतन्त्रको सवलीकरण गर्न स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग विशेष अनुरोध गर्ने समितिले जनाएको छ ।

## काठमाडौं....

भएका छोराछोरी अमेरिका, अष्ट्रिेलिया,विकसित मुलकमा पढ्ने नाममा उता गएका र उत्तै घरजम गरि बसेकाहरुले बुवा आामालाई उत्तै लगेपछि घरहरु खाली बनेका छन् । कतिपयको त ति घरहरु प्रयोग विहिन पनि भएर बसेका छन् । कुनै कुनै बिचौलियालाई छोडेर भाडा उठा भनेर अह्रयर राखेका हुन्छन् । ति विचौलियाले मनलाग्नी भाडा असुल्ने गर्ने गरेको हुनाले सस्तो जता पाइन्छ त्यतै कोठा सर्ने गरेको हुनाले बढी भाडा असुल्नेहरुको घर यतिवेला काठमाडौ उपत्यकामा बर्षौंसम्म खाली बसेका देखिन्छन् ।

***बढी भाडा असुल गर्ने घरबेटीले मान्छे सऱ्यो कि भाडा बढाई हाल्ने चलन बढ्दो***

काठमाडौ उपत्यकामा कुनै कुनै राम्रा घरवेटी भेटिन्छन । तर कुनै त मानव भएर पनि दानव जस्ता व्यवहार गर्ने घरवेटी हुन्छन् । बर्ष नै पछि भाडा बढाउने र त्यही भाडा बढाउने घरवेटी चै मान्छे सर्न पाको छैन अर्को मान्छे मुर्ख बनाउदै खोजेर ल्याउने र बढी भाडा असुल गरिहाल्ने त्यही घरवेटीले चै घरवहाल कर तिर्न जादा भाडामा बस्ने मानिस नै छैनन् आफै मात्र हो भनेर कर छल्ने गरेको भेटिन्छ ।

यस्ता फटाई गर्ने घरवेटीहरुको दिन अचेल सकिएका छन् । बर्षौंसम्म फ्लाइट खाली भएर बसेका छन् । आर्थिक अभावका कारण कतिपय ठाउवाट मानिसहरु सामान छोडेर गाउमा बसेका छन् । काठमाडौ महानगरपालिकामा दैनिक २० देखि २५ केश त कोठामा बस्ने मानिस नआएको ५ महिना भयो १० महिना भयो भनि प्रहरी बोलाएर ताला फुटाउदै सामान सुरक्षित राखेर कोठा खोलाउने गरेका घटना बढेका छन् ।

यो अवस्थाहरु हेर्दा विस्तारै काठमाडौका शटर भाडामा लगाएर बढी पैशा असुल गर्ने, घरवेटीहरुको दिन विस्तारै खस्कदै गएको देखिन्छ । काठमाडौ उपत्यकामा घरभाडा मात्र होइन अनेक खालका महगीको समस्या बढ्दै गईरहेको छ । मानिसहरु आम्दानी बढेको छैन । तर महगी बढेको बढ्यै छ । यो घरभाडा लगायत महगी नियन्त्रण नगर्ने हो भने समाजमा अनेक खालका अपराधहरु बढ्न सक्छन् । त्यसैले सम्बन्धित निकायले नीतिगत रुपमा शहर कस्तो बनाउने कसरी बनाउने, बनिसकेको शहरमा मानिस हरुको व्यावस्थापन कसरी गर्ने भन्ने बिषयमा तत्काल काम नथाल्ने हो भने आउदो ५ बर्ष भित्रमा विकराल समस्या निम्तन सक्ने कुरामा कुनै शंका नै छैन ।

## संघीयता...

सफल कार्यान्वयका लागि निरन्तर अभ्यास एवं प्रयास आवश्यक रहेको धारणा राख्नुभयो । कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव धनराज ज्ञवालीले सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा प्रधानमन्त्री कार्यालयको भूमिका, अधिवक्ता मोहन आचार्यले स्थानीय सरकार सञ्चालन ऐनको कार्यान्वयनको अवस्था र चुनौती, सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयको अवस्था र चुनौती विषयक कार्यपत्र पत्र प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियामा प्रदेशसभा सदस्य, स्थानीय निकायका प्रमुख, उपप्रमुख, विभिन्न राजनीति दलका प्रतिनिधिले मुख्य सचिवले प्रदेशका सचिवको बैठक राखी विस्तृत तयारी सहितको छलफल आयोजना गर्ने र प्राप्त निष्कर्षको आधारमा आवश्यक कार्य योजना बनाई कार्यान्वलयन गर्ने गराउनेलगायत सुझाव दिनुभएको थियो ।

## मिटर.....

आयोजनामा विद्युत् प्रसारण लाइन पाँच वर्षभित्र सम्पन्न गर्ने भनिए पनि अहिलेसम्म ५, ६ प्रतिशत मात्र काम भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । जनता समाजवादी पार्टी नेपाल मोहमद खालिदले मुस्लिम समुदायको मदरसा शिक्षालाई अझै पनि राज्यले मान्यता नदिएको तथा यस विषयमा सरकार सधैं उदासीन हुँदै आएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टीका शेखरकुमार सिंहले सरकारले कृषि मलमा दिँदै आएको अनुदान कटौतीको निर्णयलाई फिर्ता लिएर सराहनीय काम गरेको बताउनुभयो । उहाँले वर्तमान सरकारले नागरिकताविहीन नागरिकको समस्यालाई पनि छिट्टै समाधान गर्नेमा आफू विश्वस्त रहेको सुनाउनुभयो । राष्ट्रिय जनमोर्चाका तुलप्रसाद विश्वकर्माले छुवाछूत अन्त्य र दलितको उत्पीडनको अन्त्यका लागि राष्ट्रियसभाको अघिल्लो बैठकले सङ्कल्प प्रस्ताव पारित गरे पनि छुवाछूत र जातीय विभेदका घटना बढ्दै गइरहेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

स्वतन्त्र सांसद खिमलाल देवकोटाले धुर्मुस सुन्तली फाउण्डेशनद्वारा निर्माणाधीन चितवनस्थित क्रिकेट रङ्गशालाको स्वामित्व अब भरतपुर महानगरपालिकाले लिएर बाँकी काम सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । नेकपा (माओवादी केन्द्र) का जगप्रसाद शर्माले शान्ति प्रक्रियाका बाँकी काम वर्तमान सरकारले पूरा गर्नेमा आफू विश्वस्त रहेको र वर्तमान सरकारले गरेको पछिल्लो केही निर्णयह सकारात्मक रहेको दाबी गर्नुभयो ।

## किन....

उतार्ने क्षमता पनि अर्थमन्त्रीसँग हुनुपर्छ । नि:सन्देह, अर्थमन्त्रीसँग सबै प्रकारका मुद्राहरूको सीमितताको काम गर्ने ज्ञान हुनुपर्छ ।

२१ औं शताब्दीको अर्थतन्त्रमा निर्भरता र अन्तरनिर्भरताको सपना देख्ने कुनै पनि 'आत्मनिर्भर' दिनबाट वञ्चित एकीकृत विश्वव्यापी अर्थतन्त्रको नतिजा थाहा पाउनुपर्छ । यसैलाई ध्यानमा राख्दै, विश्वको पारिस्थितिकी प्रणालीको विश्लेषण, विशेष गरी विभिन्न सरोकारवालाहरूको वित्तीय अन्डरकरेन्टहरूका लागि आवश्यक छ । अर्थमन्त्रीका लागि 'देशको क्रेडिट योग्यता अनुकूलन गर्न' र 'नेपालको ब्रान्ड इक्विटी' धेरै गुणा बढाउन आवश्यक छ ।

छिमेकी मुलुक भारतमा योग्यताको आवश्यकता रहेको देखिँदैन ? पार्टीको उच्च कमान्डसँग राम्रो सम्बन्ध हुनुबाहेक केही आवश्यक छैन । सम्बन्धबाहेक अर्थमन्त्री प्रेस सम्हाल्न सक्षम हुनुपर्छ । केही अर्थमन्त्री र उनीहरूका योग्यता हेरौं । मोरारजी देसाईले १० पटक बजेट प्रस्तुत गरे, कुनै सान्दर्भिक योग्यता थिएन । प्रणव मुखर्जीले सात पटक, एमए इतिहास र राजनीति विज्ञान, एलएलबी । त्यस्तै यशवन्त सिन्हाद्वरा सात पटकका लागि बजेट प्रस्तुत, एमए राजनीतिक विज्ञान, आईएस यशवन्त चह्वाणले सात पटक बजेट प्रस्तुत गरेका छन् ।

सीडी देशमुखले ६ पटकका लागि बजेट प्रस्तुत गरे भने डा. मनमोहन सिंहले ६ पटक बजेट प्रस्तुत गरेका थिए । सबैभन्दा सान्दर्भिक योग्यताका साथै आरबीआई गभर्नरका रूपमा काम गर्ने अनुभव थियो । सन् १९८७ मा राजीव गान्धीले पनि बजेट प्रस्तुत गरेका थिए भने याद गर्नुहोस्, उनको एउटै योग्यता उनको उपनाम थियो( गान्धी । त्यसैले कुनै रामदास आठ पास (आफ्नो शपथ राम्ररी पढ्न नसक्ने एक स्नातक) ले भविष्यमा कुनै पनि समयमा बजेट प्रस्तुत गर्नु अचम्म मान्नु पर्दैन । कारोवार

## आयातीत....

उत्पादित महको बजार व्यवस्थापनका लागि सरकारका कुनै पनि निकायले ध्यान दिन नसक्दा मौरीपालन व्यवसाय धराशाही बन्ने खतरा बढेको बताउनुभयो । मौरी लोप भएको चार वर्षमा जीवनको अस्तित्व समेत खतरा हुने भन्दै उहाँले मौरी र मौरीपालक किसानको समस्या समाधान गर्नेगरी काम गर्न जरुरी रहेको बताउनुभयो । मौरीका कारण ८० प्रतिशत परागसेचन हुने भए पनि कृषकले यस विषयलाई बुझ्न नसकेको उहाँले बताउनु भयो । विषादीको प्रयोगले अझै समस्या बल्झिने गरेको उहाँको भनाइ छ ।

सो अवसरमा मह र स्वास्थ्य सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा कल्याण सापकोटाले मह सेवन सबै प्रकारका रोगका लागि उपयुक्त रहेको बताउनुभयो । उहाँले घाउको उपचारदेखि अन्य रोगको उपचारका लागि मह उत्तम भए पनि चिकित्सकको सल्लाह अनुसार सेवन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "महजन्य उत्पादन एक वर्षमुनिका बाल बालिकामा प्रयोग गर्नुहुँदैन ।" अन्य उमेरका व्यक्तिलाई दैनिक १० चम्चासम्म मह खुवाउन उचित हुने उहाँको भनाइ छ ।

महबाट क्यालोरी पर्याप्त मात्रामा पाइने बताउँदै उहाँले बिरामीले यसलाई नियमित तर चिकित्सकको परामर्शमा लिनुपर्ने बताउनुभयो । मह मुटुका रोगी, आन्द्राका रोगी, क्यान्सरका बिरामीलगायत अन्य बिरामीले चिकित्सकको परामर्शमा प्रयोग गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, खाद्य तथा गुण नियन्त्रण कार्यालयका घननाथ अधिकारी, नेपाल मौरीपालक महासङ्घका अध्यक्ष सुवासचन्द्र घिमिरेलगायतले नेपालमा उत्पादित महको गुणस्तर मापन गरी बजारको व्यवस्थापन गर्नु अहिलेको आवश्यकता रहेको बताउनुभयो । उहाँहरूले कोरोनाको समयमा महको खपत बढेको भए पनि अहिले सो अनुसार खपत हुन नसक्दा देखिएको समस्या समाधानका लागि स्थानीय तहमा आफू लागि पर्ने बताउनुभयो ।

नेपालमा अहिले दुई लाख ४९ हजार छ सय ८० गोला मौरीपालन भइरहेको छ । जसबाट चार हजार ६२ मेट्रिकटन मह उत्पादन हुँदै आएको छ । एपिस सेराना एक लाख १७ हजार छ सय ८० गोला र एपिस मेलिफेरा एक लाख ३२ हजार गोला मौरी पालिँदै आएको कार्यक्रममा जानकारी दिइएको थियो । नेपालमा मौरीपालक कृषकको सङ्ख्या एक लाख ६५ हजारभन्दा बढी रहेको छ ।

# चैत १७ देखि २० गतेसम्म काठमाडौंमा फ्लोरा एक्स्पो

काठमाडौं । पुष्प व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि भन्दै फ्लोरिकल्चर एशोसियशन नेपालले यही चैत १७ देखि २० गतेसम्म काठमाडौंमा '२४औं फ्लोरा एक्स्पो' आयोजना गर्ने भएको छ । एशोसियशनले आज पत्रकार सम्मेलन गर्दै भृकुटीमण्डपमा आयोजना गरिने मेलाबारे जानकारी दिएको हो । 'स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नाराका साथ मेला आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । मेलामा ६२ व्यावसायिक स्टल, तीन ल्यान्डेस्केपिङ स्टल, १० अफिसियल स्टल, तीन प्रतियोगितात्मक प्रदर्शनी स्टल र दुई फुड स्टल रहने जनाइएको छ । मेलामा मौसमी फूल, कट् फ्लावर, ड्राईफ्लावर, सुनाखरी, कम्पोस्ट मल, फूलका बीउबिजन, ग्रीन हाउस, कृषि औजार, विषादी, प्याकेजिङ सामग्रीलगायत स्टल रहनेछन् । पुष्प नर्सरी, आपूर्तिकर्ता कम्पनी, व्यावसायिक तथा विभिन्न सङ्घसंस्थाका साथै भारत र बङ्गलादेशका पुष्प व्यवसायी पनि मेलामा सहभागी हुने आयोजकको भनाइ छ । मेलामा सहभागी भएका विभिन्न पुष्प व्यवसायीद्वारा उत्पादित फूल बिरुवाबीच प्रतिस्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत गरिने जनाइएको छ । पुष्पजन्य वस्तुको बजारीकरण, यस क्षेत्रसँग सम्बन्धित नयाँ ज्ञान तथा सीप, बजारको अवस्थालगायतका विषयमा जानकारी लिनका लागि यो मेला उपयुक्त अवसर रहेको एशोसियशनले जनाएको छ ।

# चितवनमा तोरीको उत्पादन बढ्यो

चितवन । जिल्लामा तोरीको उत्पादन बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यस वर्ष उत्पादनमा वृद्धि भएको हो । कृषि ज्ञान केन्द्र चितवनका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा तोरी खेती गर्ने जमिनका क्षेत्रफलमा वृद्धि भएसँगै उत्पादनमा वृद्धि भएको हो । केन्द्रका निमित्त प्रमुख मीनबहादुर पुनका अनुसार यस वर्ष १५ हजार नौ सय २४ हेक्टर क्षेत्रफलमा तोरी खेती गरिएकोमा १९ हजार एक सय आठ मेट्रिकटन तोरी उत्पादन छ । आव २०७७/०७८ मा १२ हजार दुई सय ६० हेक्टर क्षेत्रफलमा तोरीखेती गरिएकोमा १२ हजार दुई सय १८ मेट्रिक अटन तोरी उत्पादन भएको थियो । आव २०७८/०७९ मा १३ हजार दुई सय ७० क्षेत्रफलमा तोरीखेती गरिएकोमा १४ हजार आठ सय ६२ मेट्रिकटन तोरी उत्पादन भएको थियो । तीन वर्षको तथ्याङ्कलाई हेर्दा तोरी खेतीको क्षेत्रफलसँगै उत्पादन पनि बढेको देखिन्छ । चितवनमा तोरी खेतीप्रति कृषकको आकर्षण बढ्दै गएको हुँदा क्षेत्रफल र उत्पादन बढ्दै गएको पुनले जानकारी दिनुभयो । तोरी खेतीलाई जङ्गली जनावरले पनि असर नगर्ने र छिटो उत्पादन लिने बाली भएकाले गहुँ लगाउने किसान तोरी खेतीतर्फ आकर्षित भएको पुनले बताउनुभयो । चितवनको माडी, बछ्यौली, पदमपुर, शुक्रनगर, मेघौली, जितपुर क्षेत्रमा बढी मात्रामा तोरी खेती गरिन्छ ।

# आठबुँदे घोषणापत्र जारी गर्दै सकियो महिला नेतृत्व शिखर सम्मेलन

काठमाडौं । नेपाल उद्योग परिसङ्घ महिला नेतृत्व मञ्चले काठमाडौंमा आयोजना गरेको महिला नेतृत्व शिखर सम्मेलन आठबुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । वित्तीय पहुँच बढाउँदै महिलालाई आत्मनिर्भर बनाउनेतर्फ नीतिगत व्यवस्था हुनुपर्ने र विद्यमान नीतिहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै दुईदिने सम्मेलन सकिएको हो । अन्तर्राष्ट्रिय व्यापार , प्रत्यक्ष वैदेशिक लगानी र क्षेत्रीयस्तरका सञ्जालमार्फत महिलालाई वित्तीय तथा डिजिटल साक्षरतामा थप पहुँच चाहिने निष्कर्ष सम्मेलनको छ । त्यस्तै महिला उद्यमीहरूले आफ्नो ज्ञान र सीपलाई परिचालन गर्नसक्ने सुनिश्चितताका लागि कर्जाको थ्रेसहोल्ड बढाउनुपर्ने सुझाव घोषणापत्रमार्फत सम्मेलनले सर कारलाई दिइएको छ । लघु, साना र मझौला उद्यममा महिलाका लागि हालको ऋण संरचना बढाउनुपर्ने निष्कर्ष सम्मेलनले निकालेको छ । नीति निर्माण तहमा महिलाको सहभागिता बढाउने गरी ठोस व्यवस्था गर्न पनि सुझाव दिइएको छ । कानूनबाटै राजनीतिक क्षेत्रमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चितता गरिएकामा त्यसलाई कम्तीमा ५० प्रतिशत बनाउन सम्मेलनबाट सरकारलाई आग्रह गरिएको छ । सम्मेलनले जारी गरेको घोषणापत्र सरकार लाई हस्तान्तरण गरिएको पनि उद्योग परिसङ्घले जनाएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा तोयनारायण ज्ञवाली र राष्ट्रिय योजना आयोगका सहसचिव बाबुराम सुवेदीलाई घोषणापत्र हस्तान्तरण गरि एको हो । सम्मेलनमा सामाजिक र सूचना प्रविधि क्षेत्रमा उच्च योगदान पुऱ्याउनुभएका म्यागी डोइन र सोनिका मानन्धरलाई 'इन्स्पायरिङ वुमेन अफ द इयर'बाट सम्मान गरिएको थियो ।

## अन्तराष्ट्रिय समाचार

# अमेरिकाको मिसिसिपीमा संकटकाल घोषणा

अमेरिकाको मिसिसिपीमा सङ्कटकाल घोषणा गरिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले दक्षिणी राज्य मिसिसिपीमा आएको विनाशकारी आँधीका कारण गरिएको सङ्कटकालको घोषणालाई अनुमोदन गर्नुभएको छ । उहाँले आँधी तथा चक्रवातबाट प्रभावित क्षेत्रमा पुनर्स्थापनाका प्रयासलाई तीव्र पार्न सङ्घीय सहायताको आदेश दिनुभएको छ ।

मिसिसिपी आपत्कालीन व्यवस्थापन निकायले आँधीबेहरी अझै केही दिन सक्रिय रहनसक्ने चेतावनी दिएको छ । शुक्रवार आएको आँधी र चक्रवातबाट मिसिसिपीमा कम्तीमा २६ जनाको ज्यान गएको छ । खोज तथा उद्धारको प्रयास भइरहेको पनि राज्य सरकारले जनाएको छ । दुई सय ६५ देखि तीन सय २० किलोमिटरको वेगमा पाँचदेखि १० मिनेटसम्म आएको आँधीले ठूलो क्षति गरेको छ ।

# स्पेनको भ्यालेन्सिया क्षेत्रमा भीषण आगलागी

स्पेनको भ्यालेन्सिया क्षेत्रमा भीषण आगलागी भइरहेको छ । हिजो शनिवारदेखि विशाल जङ्गलमा सुरु भएको आगलागीले अहिलेसम्म तीन हजार हेक्टर क्षेत्रफल जलेर ध्वस्त भएको छ । जङ्गल वरपरका एक हजार पाँच सय जना नागरिकलाई सुरक्षित स्थानमा सारिएको समाचार संस्था रोयटर्सले जनाएको छ । दर्जनौं दमकलसहित सात सय जना आगलागी नियन्त्रक खटिए पनि आगो निभेको छैन ।

चर्को खडेरी र तीव्र गतिको हावाका कारण आगो निभाउन कठिन भइरहेको आगलागी नियन्त्रणमा संलग्न अधिकारीलाई उद्धृत गर्दै खबरमा उल्लेख छ । अहिलेको आगलागीले गइकार्त वर्षको भीषण आगलागीको झल्को दिएको छ । गएको वर्ष स्पेनमा चार सय ९३ वटा आगलागीका कारण तीन लाख सात हजार हेक्टर क्षेत्र जलेको थियो ।

यस्तै युरोपमा गएको वर्ष आगलागीले सात लाख ८५ हजार हेक्टर क्षेत्रफलमा रहेको जङ्गल ध्वस्त भएको थियो । आगलागीबाट हुने १६ वर्षमा क्षति पोहोर एकै वर्ष भएको थियो । स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले आगलागी निकै डरलाग्दो भएको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण आइलागेका यस्ता विपत्तिले देशलाई ठूलो क्षति गरेको बताउनुभएको छ ।

# ईयू र जर्मनीबीच जीवाश्म इन्धन प्रयोग हुने कार हटाउने महत्वपूर्ण योजनामा सम्झौता

युरोपेली सङ्घ (ईयू) र जर्मनीबीच सन् २०३५ सम्ममा जीवाश्म इन्धन प्रयोग गर्ने कार बिक्रीलाई चरणबद्ध रुपमा हटाउने विषयमा सम्झौता भएको छ । सन् २०३५ देखि जीवाश्म इन्धन कारहरूको नयाँ बिक्रीमा प्रतिबन्ध लगाउने ऐतिहासिक सम्झौताले सन् २०५० सम्ममा शुद्ध शून्य हरितगृह ग्यास उत्सर्जनको साथ 'जलवायु तटस्थ' अर्थव्यवस्था बन्ने ईयूको महत्वाकाङ्क्षी योजनाको लागि महत्त्वपूर्ण मानिएको छ ।

सम्झौतापछि ईयूका वातावरण आयुक्त फ्रान्स टिमरम्यान्सले भविष्यमा कारमा विद्युतीय इन्धनको प्रयोगका लागि जर्मनीसँग सम्झौता गरिएको बताउनुभएको छ । जर्मनीले पेट्रोलियम पदार्थ तथा ग्यास इन्जिन भएका गाडीले कार्बन डाइअक्साइड उत्सर्जनमा 'तटस्थ इन्धन' प्रयोग गरेमा सन् २०३५ पछि पनि दर्ता भइरहन सक्ने जनाएको छ । युरोपेली आयोग र जर्मनीबीच लामो वार्तापछि सम्झौतामा देखिएको गतिरोध अन्त्य भएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

# चीनद्वारा पाकिस्तानलाई दुई अर्ब डलर सहयोग

आर्थिक सङ्कटको सामना गरिरहेको पाकिस्तानलाई चीनले दुई अर्ब डलर सहयोग गरेको छ । चीनले पाकिस्तानको सङ्कट समाधान गर्न एक वर्षका लागि २ अर्ब डलर सहयोग गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । चरम मूल्यवृद्धिसँगै वैदेशिक मुद्रा सञ्चिति घटेपछि पाकिस्तानमा आर्थिक सङ्कट गहिरिँदै गएको छ ।

ऋण नभनिएको रकम पाकिस्तानको केन्द्रीय बैंकमा जम्मा गरिएको र यो सहयोगले पाकिस्तानको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरेको पाकिस्तान सरकारलाई उद्धृत गर्दै टाइम्स अफ इन्डियाले जनाएको छ । पाकिस्तानको अर्थतन्त्र उकास्नका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष आईएमएफले समेत सहयोग गर्ने तयारी गरे पनि राजनीतिक अस्थिरताका कारण रोकिएको छ । अर्थतन्त्र सङ्कटमा रहेको पाकिस्तानमा राजनीतिक अस्थिरता समेत उत्पन्न भएपछि आईएमएफको ऋण आउन ढिलाइ भएको हो ।

# आक्रमणको परीक्षण गरेको उत्तर कोरियाको दाबी

उत्तर कोरियाले पानीमुनि आणविक ड्रोन आक्रमणको परीक्षण गरेको दाबी गरेको छ । यो अमेरिका र दक्षिण कोरियाको पछिल्लो सैन्य अभ्यास रोक्न उत्तर कोरियाले दिएको पछिल्लो चेतावनी भएको बीबीसी हिन्दीले जनाएको छ । उत्तर कोरियाको आधिकारिक सञ्चारमाध्यमले आणविक तत्वले सुसज्जित ड्रोनले शत्रुलाई नष्ट गर्ने बताएको छ । पानीमुनि आणविक ड्रोन परीक्षण गर्दा उत्तर कोरियाली नेता किम जोङसमेत सहभागी भएको तस्बिर पनि सार्वजनिक भएको छ ।

दक्षिण कोरिया र अमेरिकाले उत्तर कोरियाको बढ्दो हतियार दम्भलाई चेतावनी दिँदै महत्त्वाकाङ्क्षी सैन्य अभ्यास गरिरहेका छन् । विगतका वर्षहरूमा दुवै देशले यति ठूलो युद्धाभ्यास नगरेको खबरमा उल्लेख छ । दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले उत्तर कोरियाले लापरबाह र उक्साहटको मूल्य चुकाउनुपर्ने बताउनु भएको छ ।

# श्रीलंकामा स्थानीय निकायको चुनाव अनिश्चितकालका लागि स्थगित

श्रीलङ्कामा स्थानीय निकायको चुनाव अनिश्चितकालका लागि स्थगित भएको छ । श्रीलङ्काको निर्वाचन आयोगले हिजो स्थानीय निकायको चुनाव अनिश्चितकालका लागि स्थगन गरिएको घोषणा गरेको हो ।

आयोगका सदस्यहरूको बैठकपछि निर्वाचन आयुक्त समन श्री रत्नायकेले चुनाव अब कहिले गर्ने भन्ने विषयमा आयोगबीच सहमति हुन नसकेको जानकारी दिनुभयो । उहाँले आयोगले चाँडै नै राजनीतिक दलका प्रतिनिधिसँग छलफल गर्ने र त्यसपछि भावी कार्ययोजनाका बारेमा निर्णय गर्ने बताउनुभयो ।

# पुस्तक समीक्षा : 'हटारु' र 'अग्नि' माथि असाहित्यिक मीमांसा


श्रवण शर्मा

आफ्नो कामको सन्दर्भ सामग्री बाहेक गएको साल दुईवटा साहित्यिक कृतिले मेरो ध्यान ताने । पिरती, सहवास, अविश्वास र आशंकाजन्य नारी-पुरुष सम्बन्धमा लेखिएका खातका-खात साहित्य र आफ्नो मनोविनोदका लागि लेखिएका केही कृतिहरूले साहित्यमार्फत उत्सर्जन हुने सामाजिक चेत भुत्ते पार्दै लगेको समयमा मैले पढेका दुई कृतिहरू माथिको असाहित्यिक विवेचना गर्न मन लाग्यो । मलाइ डर छ, कतै यो मीमांसा पनि मनोविनोदी हुने त होइन ? तर म ती कृतिहरूमा प्रयुक्त साहित्यिक सिद्धान्त, मान्यता वा तिनीहरूका साहित्यिक वैधानिकता माथि विवेचना गर्न चाहन्न । तथापि तिनीहरूमा प्रस्तुत समाजको चरित्र, दृष्टिकोण, जिजीविषाका लागि मान्छेले गर्ने संघर्ष (तर वर्ग संघर्ष होइन) मा म केन्द्रित हुनेछु ।

यस बाहेक समाजका विषम मान्यताले मानवीयता चिथोरेका प्रसंगहरूमाथि मेरा टिप्पणीहरू केन्द्रित हुनेछन् । आजको समाजशास्त्रीय बजारका जल्दाबल्दा विषयहरू नारी, दलित र उनीहरूको सामाजिक मूल्य र मनोभावना माथि गरिएका सामाजिक, राजनीतिक मीमांसाहरूमा मेरो दृष्टि गएको छ ।

माथि दुई कृतिको प्रसंग उल्लेख गरेको छु । ती कृति हुन्, साहित्यकार नवराज लम्सालको 'अग्नि' र ओम रिजालको 'हटारु' । म पृथक् कृतिको पृथक् परिच्छेदमा टिप्पणी लेखिरहेको छैन । दुवै कृतिमाथि सप्रसंग चर्चा गर्ने प्रयास गरेको छु, दुवैका अन्तर्यहरू खोतल्ने मेरो प्रयत्न हुनेछ ।




यसमा म ती कृतिहरूले यस समाजलाई के दिएका छन् र ती कुरा सामाजिक मानवीय स्वत्वका दृष्टिले के कति उपयुक्त छन् त्यसमा हेर्ने प्रयत्न गर्दछु । मेरो काम र प्रसंगले तिनमा प्रयुक्त वातावरणीय सचेतना पनि नियाल्ने प्रयत्न हुने नै छ ।

'अग्नि'ले आधुनिक राज्य र समाजको एक कलंक, त्यो समाजले देश निर्माणमा गरेको योगदानको उपेक्षा मात्र नभएर सिंगो समाज लाञ्छित, उपेक्षित छ त्यसलाई उजागर गरेको छ । अनि अमानवीय संस्कृतिले मानवीय स्वत्वलाई कसरी किनारीकृत गऱ्यो भन्ने कुरालाई काव्यिक शैलीमा बताएको छ । यस काव्यको नायक कतै निरास तर कतै लेनिनको 'अब के गर्ने' पुस्तकको अनुयायी जस्तै देखिन्छ ।

एलिक्स केट्सले 'जब स्कर्टस माथि सरे, पाखण्ड उत्रियो' भने झैं, 'हटारु'ले नेपाली फेमिनिज्मले पहिल्याउनुपर्ने विभेदका जरा खोतलिदिएको छ । कथाकी नायिका सुनकेशा पण्डितको द्रव्यमोहप्रति मौन तिरस्कार गर्दछिन् र उनको ठम्याइ छ, समाज बिगार्न यिनको पनि हात छ ।

सुप्रसिद्ध ओशोले भनेका छन- समाज पण्डित, पादरी र समाजवादीहरूले भाँडिरहेका छन्, 'हटारु'को यो सैद्धान्तिक प्रस्तावना समाजका शोषणका वास्तविक 'रुटकज' मा आधारित रहेको छ । मैले यहाँ भन्नै पर्ने हुन्छ, म साहित्यको अनुरागी मात्र हुँ, साधक होइन । साधक नभएकाले साहित्यका सैद्धान्तिक प्रस्थापना वा अवधारणामाथि मेरो विवेचना होइन यी दुवै कृतिमाथि । मेरो प्रयत्न दुवै कृतिले खोतलेको समाजको ऐतिहासिक जीवन पद्धतिले निर्माण गरेका चञ्चल र अचञ्चल व्यवहारमाथि मात्र हो र यसका समाजशास्त्रीय, मानवशास्त्रीय र राजनीतिक संचेतनाका काव्यिक र औपन्यासिक आयाम खोतल्नु मात्र हो ।

धर्म दर्शनमा अग्नि स्वयं देवता हुन् र संसार उनैको प्रतापले बनेको मानिन्छ, हिन्दू, ॐकार र सनातन परिवारमा । वेदमा, 'हे अग्नि हामीलाई गाई देऊ, एक दश सय हजार हुँदै लाख दश लाख करोड अर्ब, खर्ब गर्दै परार्द र दश परार्दसम्म हाम्रा गाई होउन् यसबाट हाम्रा कामना र मनोकामना पूर्ण होउन्' भनिएको छ ।

महाकाव्य 'अग्नि'को नायक पनि यसरी नै बोल्छ र भन्छ, हामीसँग आगो छ र यही आगो नै जीवनको ताप, तपस्या र आगत हो । जिजीविषाका लागि मान्छेहरू कर्म गर्न थालेका थिए सायद हजारौं वर्ष अगाडिदेखि नै, यो कर्म शनैशनै व्यवसाय भयो, एक व्यावसायिक जमात तयार भयो ।

सायद कठोर श्रम र परिश्रमका पुरस्कृत पुजारीहरूका आदिदेव भनेर विश्वकर्मालाई मानियो, र भनियो 'विश्वकर्माका धेरै नेत्र, हात-मुख छन् उनै एक मात्र बलशाली परमात्मा देवले स्वर्ग र पृथ्वीलाई आफ्नै हात र चरणबाट ठीक-ठीक पारुन् ।'

दुवै कृतिमा पाठकहरूको आँखा छलेर राजनीति पनि घुसाइएको छ । हटारुले सो कालखण्डको राजप्रतिनिधि मुखियाको अन्याय र शोषणको शैली र आक्रमण उजागर गरेको छ भने अग्निले आफैं पराधीनहरू कसरी संघर्ष गर्छन् भनेर स्वतन्त्रताको वकालत गर्दछ

ती विश्वकर्मा र यी (आजका विश्वकर्माहरूमा) के फरक छ ? तर मानव सभ्यताको कालक्रममा नवनिर्माणको जग यिनैले बसाएका थिए, बसाइरहेछन् । भान्सादेखि सेनाको हतियार भण्डारसम्म एकरूपमा उनकै उत्पादनहरू चलिरहेका छन् यस सभ्यतामा ।

त्यसैले 'अग्नि' भन्छ 'गोल बाल्ने आगो के हो ? गोल आफैं त बल्दैन बाल्ने आगो को हो र के हो ? यस दार्शनिकीले गोल बाल्न अग्निको काम गरिरहेको समाजको एक सत्यचिन्तन माथि समाजले गरेको तिरस्कार अग्नि महाकाव्यको वैचारिकी बनेको पाउँछु म । नेपालको सनातनी र हिन्दु सभ्यताको माता हो कर्णाली क्षेत्र । वैदिक परम्परा, धर्म दर्शनका आधारभूत भौतिक संरचना मठ-मन्दिर र धर्म र सभ्यताको मनोवैज्ञानिक पाठशाला हो कर्णाली । जसले आजसम्म पनि ती वैदिक आदर्शहरूलाई समाजका हिस्सा बनाइरहेको छ ।

त्यसै भएर नै हुन सक्छ, विगतको हिंसात्मक विद्रोहले कर्णालीलाई नै केन्द्रित गरेको थियो । यसो भनिरहँदा के कुरा बिर्सनुहुँदैन भने, सभ्यताको शाश्वत पक्षलाई पण्डित, पुरेत ज्योतिषीहरूले मान्छे ठग्ने मेलो बनाए, हटारुको नायिका सुनकेशाले भने झैं ।

नेपाली सनातन परम्परा धनी छ । म पटक-पटक पश्चिम नेपालका प्राय: सबै जिल्लामा पुगिसकेको छु । त्यहाँको समाजसँग धेरै अन्तरक्रिया गरेको छु र देउडाको पारखी पनि हुँ । तर कर्णाली सभ्यताको भित्री आयामहरू हामी पूर्वेलीहरूको अनुमानभन्दा निकै फरक, विस्तारित छन् र घरव्यवहारमा पनि काव्यिक शैलीको कुराकानी हुने गर्छन् ।

हटारुले त्यहाँको साहित्यिक चेत प्रमाणित गर्न घर-व्यवहारमा बोलिने संवाद शैलीका धेरै प्रसंग ल्याएको छ, जुन साहित्यिक छन् । लामो कालखण्डमा प्राप्त अनुभवका आधारमा बनेका लोकोक्तिहरूलाई बिम्बको रूपमा यथेष्ट प्रयोग गरेको छ जसले पठन आकर्षित गर्दछ । खस दैलेखी भाषामा नारी अवचेतना, चेतना, अन्याय, इज्जत, जिम्मेवारी र बोध क्षमताको ऐतिहासिक परिवेशलाई क्रियात्मक (प्रतिक्रियात्मक मात्र होइन) तरिकाबाट प्रस्तुत गरिएको छ । उदाहरणका लागि जतिसुकै मन दुखे पनि नबगेको रगत आफूभन्दा बीस वर्ष जेठो लोग्नेसँगको जबर्जस्त सहवासमा बगेको कुराको नायिकाको प्रस्तुति एउटा सिंगो समाजको वास्तविक तर दर्दनाक कहानीको सप्रमाण पेश गरिएको छ, हटारुमा ।

सुनकेशा प्रकृतिकी अनन्य भक्त थिइन् । हँसिया, डोको, नाम्लो र गाई उनका प्रिय थिए । छेलांगी, फलाम, आगो र घनलाई जीवनको मार्ग र वैचारिकी मान्छन् । कवि होमरले भनेका छन्, 'तिमी धेरै मालिकको सेवा गर्छौ भने छिट्टै प्रताडित हुँदैछौ ।'

छोरो सन्तानप्रतिको मोह मानिसको विश्वास हो कि मूर्खतापूर्ण विश्वास वा अज्ञानताको उपज ? काकाको छोरो भाइ र आफूमा गरिएको विभेदको शिक्षालयबाट प्रशिक्षित सुनकेशाको अन्तरहृदयमा उत्पादित नवचेतना आजको 'फेमिनिज्म' को प्रारूप हो अवश्य । विस्मय त के छ भने एक पुरुष लेखकले नारी चञ्चलता, शरीर विज्ञानका लक्षणा, व्यञ्जना र नारी मनोविज्ञानको सही अर्थमा मापन गर्न सक्नु लेखकीय क्षमता मान्नै पर्दछ ।

त्यसैगरी अग्निमा एक संस्कृत भाषी ब्राह्मण जो वेदका ऋचा र संस्कृतका श्लोकहरूमा मानव चेत र यथार्थको खोजी गर्दछ, उसले छेलांगी विश्वकर्माका अन्तरमनका आल्हादित र नीरस मनोवैज्ञानिक अवस्थालाई खोतलेर संप्रेषणीय बनाउन सक्यो । यी दुई कृतिको अर्को विशेषता यो पनि हो । दुवै कृतिमा पाठकहरूको आँखा छलेर राजनीति पनि घुसाइएको छ । हटारुले सो कालखण्डको राजप्रतिनिधि मुखियाको अन्याय र शोषणको शैली र आक्रमण उजागर गरेको छ भने अग्निले आफैं पराधीनहरू कसरी संघर्ष गर्छन् भनेर स्वतन्त्रताको वकालत गर्दछ ।

भनिएको छ, अहंकारी उच्च जातिकाहरू हो घोडाका सन्तान अश्विनीकुमार र अरू कैयौं जसलाई पुजिरहेका छौं, तर मान्छेका सन्तानलाई हेला किन गर्छौं ? जीवन र संघर्ष भोग्नेले बुझ्छ संघर्ष र जीवन दुवैको महत्ता र मूल्य पनि ।

जीवन त सबैको आरोह-अवरोहपूर्ण नै हुन्छ । लम्सालले भने झैं करप्प कर खाने हाकिम वा १४ वर्षकी किशोरीमाथि घ्वाप्प चढ्ने मनोरोगी लोग्नेले पनि जीवनका आरोह-अवरोह नापेकै हुँदा हुन् । 'कसैका जीउ नारी बासी कसैका पेट भोका, किन जन्माइ पर्मेश्वर भस्मै लेखाजोखा ।'

त्यसैले त नायिका भन्छिन्, 'साइका जति भोज आँशुले भात मिची खाया ।' सन्तानको लिंग हेरेर दु:खी र खुसी हुने समाजको प्रतिबिम्व हटारुमा सूक्ष्म ढंगले विस्तारपूर्वक औपन्यासिक शैलीमा प्रस्तुत गरिएको छ । सायद २०७२ सालको संविधानले ठीकै गरेछ कि के हो लिंगको समानता नभएर लिंगका आधारमा भागबण्डा ।

ओम रिजालले सामाजिक इतिहासलाई औपन्यासिक भाषामा अनूदित गरेका छन् । दैलेख नेपालभरि छरिएका धेरै ब्राह्मण, क्षत्रीहरूको आदिम बसोबास थियो, यो लेखक ८०० वर्ष पूर्व जुम्ली भए जस्तै । एकै सभ्यताको वैचारिकीबाट विकसित भएका मानिसहरू पनि भूगोलसँग र अन्य जातिहरूसँगको सान्निध्यताले कति फरक संस्कृतिहरू अवलम्बन गर्न पुग्छन् भन्ने दृष्टान्त हटारु पढ्ने पूर्वीयाहरूले बुझ्न सक्नेछन् । उपन्यास हो भनेर पढ्नुस् इतिहास भनेर पढ्नुभयो भने तपाइँ रुनुहुनेछ । म त एक्लै धेरैपटक आँशु बगाएको छु यो पुस्तक पढ्दा । वीररस युक्त छ, अग्नि । इतिहासका गल्तीहरूलाई वर्तमानमा सच्याउन अभिप्रेरित गर्छ यसले । मानवीय स्वत्व, रक्तको समानताको कुरा गरे पनि रक्तसम्बन्धको राज्यको कुरा गर्दैन । इतिहासको प्रकाशमा वर्तमानमा द्वन्द्व खोज्दैन लेखकको मूल पात्र, एकता र सहअस्तित्व पहिल्याउन चेष्टा गर्छ अग्नि ।

सम्पूर्ण सामाजिक इतिहास र लिंगका आधारमा गरिने विभेदका आधारभूत संरचनात्मक संस्थाहरूको जन्म, परिवार विवाह, मृत्युकर्महरूको दस्तावेज हो, हटारु । त्यस्तै, राज्य राजनीति, समाज र विकासका उत्तोलकहरूको आपूर्ति गरिदिने समाजको आफ्नै इतिहास भएको छ, अग्नि । अग्नि जातका स्थानमा मानवतालाई महत्व दिन्छ, र उसको मूल पात्र मानवीयताको उत्तोलकले खारिएको र उत्तेजित भएको छ । सुनकेशा नारी र दलितमाथिका पीडाका विडम्बनापूर्ण मान्यताहरूका स्थानमा नयाँ अवधारणाहरू पहिल्याउन उत्प्रेरित छ । मैले बुझेको दुवै कृतिको प्रसंग हुन् यी हरफहरू ।

सुनकेशा प्रकृतिकी अनन्य भक्त थिइन् । हँसिया, डोको, नाम्लो र गाई उनका प्रिय थिए । छेलांगी, फलाम, आगो र घनलाई जीवनको मार्ग र वैचारिकी मान्छन् । कवि होमरले भनेका छन्, 'तिमी धेरै मालिकको सेवा गर्छौ भने छिट्टै प्रताडित हुँदैछौ ।'

फेमिनिष्टहरू पनि सही छन्, सोध्छन्, के केटीहरूले संसार हाँकेका छन् र ? हो, लोग्नेमान्छेले हाँकेको संसारमा सुनकेशा पीडित थिइन्, धेरै मालिकलाई सेवा दिएकाले छेलांगी दु:खी भए । हामी नेपाली जोसेफिन बुट्लर त पढ्छौं, योगमाया र हटारु पनि पढौं । हटारु, अग्नि र योगमायामाथि तात्विक मीमांसा सुरु गरौं । समाजलाई यसरी पनि योगदान गर्न सकिन्छ ।

## गीत



जेबी खत्री

भाषामा लँडाई गर्छ मान्छे, गर्नलाई भने कुरा छैन
बर्बराइरहन्छन् ओठहरू, मनैमा भने भाव पूरा छैन
बोल्यो कि ए भाइ, भाषा हुन्न, भाषाको मुटु हुन्छ
इकार र उकार मात्र होइन, भाषाको परिवार हुन्छ

यो यहाँको, यो त्यहाँको भन्दै शब्द फ्याँकिसक्यौ
यसलाई यता, यसलाई उता भन्दै अर्थ घुमाइसक्यौ
न बोल्ने रहयो, न सुन्ने रहयो, सम्प्रेषण शून्य भयो
भाषाको किताप छ तिमीसित, यही तिमीलाई पुण्य भयो

के गर्छौ जानेर चोखो भाषा, उच्चारण गर्नै 'जुठो' छ भने
के गर्छौ जानेर ठेट शब्द, उच्चारण गर्नै 'ठुटो' छ भने
व्याकरण पर्दैन, वनजङ्गललाई भाषा हेर कति छ।
भाषा लिएर हिँडेको तिमी, भुइँ हेर, के कति छ !

चिन्ता नगर भाषाको तिमी, भाषा बनाउने कोही छन्
तिमीले बोले /नबोलेको सब् सुन्ने, ज्ञाता कोही छन्
भाषा होइन चालीस दिनको, युगौंमा आइपुगेको
तिमी नहुँदा नि, जिवित उसले, छ आफूलाई राखेको

थाह गर्नू भाषा जनको, नबोले नि हुने हुन्छ
आँखा हेरयौ भाषा मनको, भाव उर्ली रूने हुन्छ
जब भाषा प्रौढ हुन्छ, निश:ब्द उसको गीत हुन्छ
भाव सङ्लोस् मनको खोली, भाषा आफैं शुद्ध हुन्छ ।

## इलाम साहित्य महोत्सव चैत अन्तिम साता हुने

काठमाडौं । चैत अन्तिम साता इलाम साहित्य महोत्सव हुने भएको छ । चैत २६ र २७ गते इलाम सदरमुकाममा 'पर्यटनका लागि साहित्य' भन्ने नाराका साथ महोत्सव हुन लागेको हो ।

इलाम साहित्य समाज र इलाम नगर साहित्य कला संगीत प्रतिष्ठानको आयोजनामा हुने महोत्सवमा नेपाल र भारतका चर्चित साहित्यकारदेखि राजनीतिज्ञ, सामाजिक अभियन्ता र कलाकारहरुको सहभागिता रहने प्रतिष्ठानका अध्यक्ष प्रकाश थाम्सुहाङले जानकारी दिए ।

साहित्यकारहरु राजन मुकारुङ, कृष्ण शाह, उपेन्द्र सुब्बा, वसन्त बस्नेत, तीर्थ श्रेष्ठ, कुमार नगरकोटी, भूपिन, लीला अनमोल, डा. ज्ञानेन्द्र याक्सो, धर्मेन्द्र नेम्वाङ, शकुन्तला जोशी, मधुराज केरुङसहित अभिनेत्री करिश्मा मानन्धर, अभिनेता विजय बराल तथा भारतीय साहित्यकारहरु छुदेन काविमो, वन्दना टेटे, अश्विनी पंकज र राजा पुनियानी महोत्सवमा सहभागी हुने जनाइएको छ ।

महोत्सवमा साहित्यका साथै समसामयिक विषयमा अन्तरक्रिया हुने थाम्सुहाङले बताए । महोत्सवको अर्को आकर्षणका रुपमा दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षणबारे चेतनामूलक चित्रकला कार्यशाला र प्रदर्शनी पनि हुनेछ । रेडपाण्डा नेटवर्कको समेत सहयोगमा सञ्चालन हुने महोत्सवका अवसरमा गौतमबुद्ध सभागृह परिसरमा चित्रकला कार्यशाला हुनेछ । कार्यशालामा काठमाडौंबाट ५ जना व्यावसायिक चित्रकारहरुको सहभागिता हुनेछ भने स्थानीय ५ जना कलाकार पनि सहभागी हुनेछन् । त्यसक्रममा रेडपाण्डासम्बन्धी चित्रहरु सिर्जना गरेर प्रदर्शन गरिने जनाइएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# नेपालमा २० लाख देखि १ करोड १० लाख सम्मका महिन्द्रा गाडी उपलब्ध

काठमाडौं । नेपाली बजारमा महिन्द्राका गाडीहरु अग्नि इन्कर्पोरेटेड प्रालिले बिक्री-वितरण गरिरहेको छ । नेपाली बजारमा महिन्द्राका सिंगल क्याब र डबल क्याब पिकअप तथा एसयूभी टाइपका सवारी साधनहरु उपलब्ध छन् ।

सिंगल क्याब पिकअपको रुपमा महिन्द्रा बोलेरो म्याक्सी ट्रक र पिकअप जस्ता सवारी साधन उपलब्ध छन् । बोलेरोको मूल्य २० लाख ३५ हजार देखि २६ लाख रुपैयाँ सम्म छ ।

त्यसैगरी डबल क्याब पिकअपको रुपमा महिन्द्रा बोलेरो र स्कोर्पियो छन् । नेपाली बजारमा ३१ लाख २० हजार सम्मका डबल क्याब बोलेरो छन् भने स्कोर्पियोको मूल्य ४३ लाख देखि ५० लाख रुपैयाँ सम्म छ ।

महिन्द्रा स्कोर्पियो एसयूभी समेत ७, ८ र ९ सिटरमा उपलब्ध छ । यसको मूल्य ५६ लाख ५० हजार देखि ७७ लाख रुपैयाँ सम्म छ ।

महिन्द्राका अन्य एसयूभी एक्सयूभी ३०० र एक्सयूभी ७०० हुन् । एक्सयूभी ३०० को मूल्य ४२ लाख ९५ हजार देखि ६० लाख रुपैयाँ सम्म छ ।




एक्सयूभी ७०० हालै मात्र नेपाली बजारमा भित्रिएको हो । यसको मूल्य ७४ लाख देखि १ करोड १० लाख रुपैयाँ सम्म छ ।

# एउटै मोटरसाइकलमा ३५ हजार छुट : यो नयाँ वर्ष अफर होइन

काठमाडौं । मोटरहेडको एउटै मोटरसाइकलमा ३५ हजार रुपैयाँ छुट उपलब्ध भइरहेको छ । यद्यपि यो नयाँ वर्ष २०८० को उपलक्ष्यमा ल्याइएको अफर भने होइन ।




मोटरहेडको नेपालका लागि आधिकारिक बिक्रेता एसएलआर टेक्नो एन्ड ट्रेडले मोटरहेड स्क्र्याम्बलर मोटरसाइकलमा ३५ हजार रुपैयाँ छुट उपलब्ध गराएको हो । हाल सो मोटरसाइकलको मूल्य ४ लाख ९५ हजार रुपैयाँ छ ।

मोटरहेडले स्टक क्लियरेन्स अफरको रुपमा यो छुट उपलब्ध गराएको हो । कम्पनीले सन् २०२० र २०२१ मोडलका मोटरसाइकलमा यो छुट उपलब्ध गराएको छ ।

इनर ब्यालेन्सर सहित २५० सीसीको इन्जिनमा उपलब्ध स्क्र्याम्बलर मोटरसाइकलमा ८२० एमएमको सिट हाइट छ । ६-स्पिड गियरबक्स भएको सो बाइकमा २२३ सीसी आयल कुल्ड इञ्जिन छ, जसले १९ एचपीको पावर र २० एनएमको टर्क जेनेरेट गर्दछ । सो बाइकको ग्राउण्ड क्लियरेन्स चाहिँ २६० मिलिमिटर छ । त्यसैगरी यसमा १४ लिटरको इन्धन ट्यांकी छ ।

कम्पनीका अनुसार रेट्रो लुक्स बोकेको स्क्र्याम्ब्लर २५० को बिल्ट क्वालिटी एकदमै राम्रो छ । रेट्रो एलईडी हेडलाइट, नव्बी टायर, बार एण्ड मिरर्स, अपराइट-राइडिङ्ग पोजिसन र रग्ड अपेरियन्सले सो बाइकलाई एकदमै आकर्षक बनाएको छ । सो मोटरसाइकलमा फुल डिजिटल इन्स्ट्रयुमेन्ट कन्सोल दिइएको छ जसले सबै आवश्यक जानकारी डिस्प्ले गर्दछ ।

त्यसैगरी टफ बिल्ट क्वालिटी, रेट्रो एलईडी हेडलाइट, उच्चतम टर्क सहितको रिफाइन्ड मेसिन र ड्युअल परपोज राइड जस्ता विशेषता यसमा रहेका छन् । रेट्रो लुक र आयल-कुल्ड इन्जिनमा यति कम मूल्यमा उपलब्ध हुने यो एक मात्र मोटरसाइकल भएको कम्पनीको दावी छ । मोटरहेडका अन्य मोडल टेक्कन आर२५०, टेक्कन २५० र एक्स-टर्क २५० मा समेत यस प्रकारको अफर रहेको छ ।

# यामाहा मोटरसाइकल वा स्कुटर किन्दा धेरै पुरस्कार

नयाँ वर्ष २०८० को अवसरमा यामाहा मोटरसाइकल र स्कुटरको नेपालका लागि आधिकारिक वितरक एमएडब्लु इन्टरप्राइजेजले अविश्वसनीय र उत्साहजनक अफरहरूले भरिपूर्ण योजना ल्याएको छ । "पावर अफ फाइभ" योजना अन्तर्गत कम्पनीले यामाहाको नयाँ बाइक वा स्कुटर किन्नुअघि नै अधिकतम ५० हजार रुपैयाँसम्मको ग्यारेन्टी क्यासब्याक जित्ने मौका उपलब्ध गराउने छ । त्यस्तै, खरिद गरेपछि अधिकतम ५० हजार रुपैयाँसम्मको ग्यारेन्टी क्यासब्याक जित्ने अवसर प्राप्त गर्नेछन् । ग्राहकले यामाहा बाइक वा स्कुटर खरिद गरेपछि वाइल्डकार्डमा सहभागी भएर १ लाख रुपैयाँ सम्मको अर्को क्यासब्याक अफर जित्न सक्नेछन् । बाइक वा स्कुटरको खरिदमा ग्राहकहरूले एक पृथक रेफरल कोड पनि प्राप्त गर्नेछन् जुन उनीहरूले आइफोन १४ वा एप्पल वाच वा एप्पल एयरपोड जित्नका लागि सकेसम्म धेरै व्यक्तिहरूलाई शेयर गर्न सक्नेछन् । ग्राहकहरूलाई अधिकतम लाभहरू प्रदान गर्न ल्याइएको हो । हामी हाम्रो "पावर अफ फाइभ" नयाँ वर्ष २०८० योजनाको अवसरमा फेरि पनि हिमालय रोडिजसँग सहकार्य गर्न पाउँदा उत्साहित छौं ।" यामाहा सिजन २ देखि नै हिमालय रोडिजको साझेदार रहँदै आएको छ । साप्ताहिक विजेताहरूको घोषणा हरेक हप्ता लाइभ टेलिभिजनमा लक्की ड्र मार्फत गरिनेछ । देशका सबै आधिकारिक शोरूमहरूमा यो अफर उपलब्ध हुनेछ । यी उपहारका साथै ग्राहकले यामाहाका मोटरसाइकल तथा स्कुटरहरू न्यूनतम ब्याजदरमा न्यून डाउनपेमेन्ट तिरेर खरिद पनि गर्न सक्नेछन् ।




फेरि वाइल्ड कार्ड मार्फत १ लाख रुपैयाँ सम्मको ग्यारेन्टी क्यासब्याक जित्ने मौका पाउने छन् । खरिद गरे पश्चात् पनि ३ जना भाग्यशाली विजेताहरूले आफ्नो रेफरल कोड सेयर गरी साप्ताहिक रूपमा आइफोन १४ वा एप्पल वाच वा एप्पल एयरपोड जित्ने मौका पाउनेछन्। यो योजना आर१५, एमटी१५ र फेसिनो मोडल बाहेक अन्य यामाहाका मोटरसाइकल र स्कुटरहरुमा मात्र लागु हुनेछ । यामाहा नेपालले यो योजना अन्तर्गत पाँचवटा अफर ल्याएको छ । पहिलो योजना अन्तर्गत, जो कोहीले पनि घरमै बसी बसी yamahapowerof5.com मा गएर वा क्युआर कोड स्क्यान गरेर यो योजनामा सहभागी हुन सक्नेछन्। सहभागी ग्राहकले किन्नुअघि नै

एमएडब्लु यामाहाका सीईओ राजु क्षेत्री भन्छन्, "हामी २०८० को लागि "पावर अफ फाइभ" अफर सुरु गर्न पाउँदा रोमाञ्चित छौं । यो योजना

# १० नयाँ मोडलका इलेक्ट्रिक टु ह्विलर तयार पार्दै होन्डा

जापनिज टु ह्विलर निर्माता होन्डाले भारतीय बजारलाई लक्षित गरी १० वटा नयाँ मोडलका इलेक्ट्रिक टु ह्विलर तयार गरिरहेको छ । यी नयाँ टु ह्विलरलाई एक दशकभित्र लन्च गरिसक्ने र विस्तारै पेट्रोल इन्जिनको बजारलाई विस्थापित गर्ने योजना होन्डाले वनाएको छ । विभिन्न पावरट्रेन, स्पिड र वडी टाइपमा आउने यी टु ह्विलरमा स्वापेवल र फिक्स्ड प्रकारको व्याट्री उपलब्ध हुनेछ । होन्डाले अहिले जीजेएनए र के४विए गरी दुईवटा कोड नेम दिएर नयाँ इलेक्ट्रिक मोटरसाइकल एवं स्कुटर तयार गरिरहेको हो । इलेक्ट्रिक टु ह्विलरको बजार बढ्दै गएपछि होन्डाले आफ्नो पहिलो इलेक्ट्रिक स्कुटरका रुपमा एक्टिभालाई अर्को वर्ष लन्च गर्ने तयारी गरिरहेको छ । लगत्तै अर्को नयाँ स्कुटर पनि लन्च गर्ने र यी दुई स्कुटरको उत्पादन पहिलो वर्षमा १ लाख ५० हजार पुर्याउने कम्पनीको योजना छ । इलेक्ट्रिक टु ह्विलरमा आक्रमक वनेर आउने तयारी गरिरहेको कम्पनीले व्याट्री स्वापेवलका लागी होन्डा पावर प्याक इनर्जी इण्डिया प्रालि नामको कम्पनी खडा गरिसकेको छ । यो कम्पनीले हाल इलेक्ट्रिक थ्री ह्विलरका लागी व्याट्री स्वापेवल सम्वन्धी सेवा दिँदै आएको छ ।

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोवाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस